# परिच्छेद एक : परिचय

## 1.1. अध्ययनको पृष्ठभूमि

विद्यालय एउटा यस्तो सामाजिक संस्था हो, जहाँ विविध सामाजिक, सांस्कृतिक परिवेश, वातावरण र पृष्ठभूमिबाट आएका बालबालिकाहरूलाई नैतिक शिक्षा, दक्ष जनशक्ति उत्पादन शिक्षा हेरविचार तथा सामाजिकीकरणको प्रक्रियामा अग्रसर गराइन्छ । बालबालिकाहरूको शैक्षिक विकास गर्नु मात्र विद्यालयको जिम्मेवारी होइन । बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गरी उसलाई योग्य र सक्षम व्यक्तिको रूपमा समाजमा स्थापित गराउन सक्नु विद्यालयको दायित्व हो । विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालयले कक्षाकोठाभित्र सञ्चालन गर्ने शैक्षणिक क्रियाकलाप मात्र पर्याप्त नहुने हुनाले विद्यालयले कक्षाकोठा बाहिर पनि विद्यार्थीको शैक्षिक, बौद्धिक, संवेगात्मक क्षेत्रलाई समेट्ने गरी सिर्जनशील क्रियाकलाप सञ्चालन गर्नु आजको आवश्यकता रहेको छ । त्यसैले वालवालिकाहरूको सर्वाङ्गीण विकासको लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, स्वच्छ र शान्त शैक्षिक वातावरण, शिक्षक अभिभावक तथा विद्यार्थीहरू बीचको त्रिकोणात्मक सम्बन्ध जति महत्त्वपूर्ण हुन्छ, त्यत्तिकै महत्त्व विद्यालयमा सञ्चालन गरिने शैक्षिक क्रियाकलापअन्तर्गत अतिरिक्त क्रियाकलापको पनि रहेको हुन्छ ।

मानव सभ्यता र शैक्षिक विकासको ऐतिहासिक क्रमलाई केलाउने हो भने शिक्षा तथा शैक्षिक क्रियाकलापसँग अतिरिक्त क्रियाकलापको सम्बन्ध अभिन्न रूपले गाँसिएको छ । प्राचीनकालीन र मध्यकालीन पाश्चायत सभ्यताको अध्ययन गर्दा अतिरिक्त क्रियाकलापलाई जोड दिएको देखिन्छ । स्पार्टा र एथेन्सको शिक्षा प्रणालीमा साहित्य, कला, विज्ञान, निर्माण, सैनिक तालिम, वादविवाद, स्काउट खेलकुद जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको पाइन्छ । मध्यकालीन समयमा पुनर्जागरण अभियान लागु भएकोले शिक्षा विकासको क्रम, अतिरिक्त क्रियाकलापहरूको माध्यमबाट नै अगाडि बढेको पाइन्छ । पुनर्जागरण अभियान समयमा साहित्य, कला, सङ्गीत, वादविवाद, वक्तृत्वकला, कविता लेखन, नाटक, निबन्ध र व्यङ्ग्यात्मक कथाहरू आदिले त्यतिखेरको समाजलाई शिक्षित बनाएको देखिन्छ (शर्मा, २०६१) । शिक्षाको इतिहासलाई हेर्दा परापूर्वकालदेखि नै जानीनजानी भए पनि विभिन्न किसिमको अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको पाइन्छ ।

आधुनिक विश्वको शैक्षिक विकासमा पनि अतिरिक्त क्रियाकलापको भूमिका महत्त्वपूर्ण रहेको छ । विद्यालय क्षेत्रभित्र कक्षा कोठामा गरिने विभिन्न क्रियाकलाप र कक्षा बाहिर गरिने क्रियाकलापहरू जस्तै विभिन्न खेलकुद कार्यक्रमहरू, हाजिरीजवाफ प्रतियोगिता, गोष्ठी, सेमिनार, वक्तृत्वकला, निबन्ध लेखन, कविता, गायन, सङ्गीत, नृत्य, वृक्षरोपण, स्काउट, रेडक्रस, नाटक र शैक्षिक भ्रमण अतिरिक्त क्रियाकलाप हुन् । अतिरिक्त क्रियाकलापको गहन मूल्याङ्कनद्वारा विद्यार्थीहरूको रुचि आवश्यकता, सामाजिक, बौद्धिक संवेगात्मक र व्यक्तित्वको पहिचान गर्न सकिन्छ (जबरा र श्रेष्ठ, २०६५)। विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण योगदान दिने शैक्षिक तत्वको रुपमा अतिरिक्त क्रियाकलापलाई पनि लिन सकिन्छ । विद्यालय तहमा यस्ता कार्यक्रमहरूले गर्दा विद्यार्थीहरु विद्यालयप्रति आकर्षित हुन्छन । जसले गर्दा नियमित विद्यालय आउने बानीको विकास हुन्छ । विद्यालयमा अतिरिक्त क्रियाकलापले बालबालिका तथा युवाहरुलाई शिक्षित बनाउने गर्छ । यस्ता क्रियाकलापहरूले विद्यार्थीहरूको मानसिक तथा शारीरिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित परीक्षाले मात्र विद्यार्थीको आन्तरिक प्रतिभाको मूल्याङ्कन गर्न नसकिने भएकोले विद्यार्थीहरूको मौलिक, सिर्जनात्मक अभिव्यक्ति कला मूल्याङ्कन गर्ने कसीको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ (पा.वि.के. २०६०)। अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीमा नयाँ-नयाँ कुराको खोज गर्ने र आफूसँग भएको प्रतिभाहरूको उजागर गर्ने मौका पाउँदछन् । विद्यार्थीको खोजको पहिलो खुड्किलो भनेको विद्यालय नै हो । जसले गर्दा पनि विद्यार्थीहरू नियमित रुपमा विद्यालय आउन रूचाउँछन् ।

अतिरिक्त क्रियाकलापको पनि शिक्षण सिकाइ क्रियाकलापको जस्तो पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण हुन नितान्त आवश्यक देखिन्छ । अतिरिक्त क्रियाकलाप छुट्टै र अनिवार्य विषयको रुपमा लागु गर्न सकेमा विद्यार्थीको विद्यालयप्रतिको आकर्षण बढ्न सक्छ । विद्यार्थीहरूले क्रियाकलापसम्बन्धि सैद्धान्तिक ज्ञान लिए भने आफ्नो व्यावहारिक पाटोमा सकारात्मक परिवर्तन आउँछ । विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नाले विद्यार्थी नियमितता हुने गर्दछन् । जसले गर्दा विद्यार्थीहरूको सामाजिक रुपान्तरणमा सकारात्मक प्रभाव परी सिकारुको स्वास्थ्य र बौद्धिक क्षमतालाई सन्तुलन राख्न मद्दत पुग्दछ । अतिरिक्त क्रियाकलापले सिकारुमा आत्मानुभूतिजन्य चेतनाको विकास, सामाजिक परिवेशमा परिचित र सहअस्तित्वलाई स्वीकार्ने

गर्दछन् । बालबालिकाको सिर्जनात्मक प्रतिभाको विकासका निम्ति पठनपाठनका साथै प्रयोगात्मक अभ्यास र प्रतियोगिता कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूलाई उनीहरूको उमेर, रुचि क्षमताअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ (अधिकारी, २०६७) । विद्यालयमा गरिने प्रत्येक कार्यक्रममा विद्यार्थीलाई प्रत्यक्ष सहभागी गराई खोजी गर्ने बानीको विकास गराउनु पर्दछ । जसले गर्दा विद्यार्थीको चेतना बृद्धि हुन्छ ।

शिक्षकले शिक्षणकलालाई कक्षाकोठामा बुद्धिमता ढङ्गबाट सञ्चालन गर्न सके विद्यार्थीमा आशा गरिएअनुसारको व्यवहारमा परिवर्तन आउँछ । विद्यार्थीमा उद्देश्य अनुरुप शैक्षिक उपलब्धि प्राप्त भइनरहेको अवस्थामा विभिन्न क्षेत्र तथा विज्ञहरूबाट प्राप्त सुझावका आधारमा अतिरिक्त क्रियाकलापलाई पनि कक्षा सञ्चालन सँगसँगै दक्ष र तालिम प्राप्त शिक्षकहरूबाट मनोवैज्ञानिक ढङ्गमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसरी सञ्चालन गरिएका कार्यक्रमहरूले विद्यार्थीहरूको नियमिततामा सकारात्मक परिवर्तनको अपेक्षा राख्न सकिन्छ (नेपाल सरकार, २०६४)। विद्यार्थीहरूको प्रतिभाको मूल्याङ्कन गर्ने साधनको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ । नियमित रुपमा कार्यक्रम सञ्चालन गर्नाले विद्यार्थीहरूको नियमिततामा सकारात्मक प्रभाव पार्दछ । विद्यार्थीमा आएको सकारात्मक परिवर्तनले उनीहरूको ज्ञान, सिप र अभिबृद्धिको विकासमा सहयोग पुऱ्याउँछ ।

अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूमा सामाजिकीकरणको विकास र समाज सेवाको भावना जागृत गराउन सहयोग पुऱ्याउँछ । विद्यार्थीहरू सामुहिक रुपमा सरसफाई, फूलबारी बनाउने, विभिन्न कार्यक्रम आयोजना गर्ने, बढ्दो वातावरण प्रदूषणलाई ध्यानमा राखी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेतर्फ उत्साहित हुन्छन् ।

पाँचौं पञ्च वर्षीय योजनादेखि नै शिक्षाको विकासका लागि अतिरिक्त क्रियाकलापको विकासमा जोड दिएको देखिन्छ । अतिरिक्त क्रियाकलापलाई व्यवस्थित र अनिवार्य गराउन लागि प्रत्येक जिल्ला शिक्षा कार्यालयहरूमा सुपरीवेक्षक राखी विद्यालयका शिक्षकलाई तालिम दिने व्यवस्था गरिएको थियो । त्यस कार्यक्रमहरूलाई निरन्तरता दिन पछिल्ला योजनाहरूमा पनि

कार्यक्रम विस्तार गरी युवाहरूलाई सक्रिय गराएको देखिन्छ (राष्ट्रिय योजना आयोग, २०३८)। यसले अतिरिक्त क्रियाकलापलाई विद्यालय तहमा अनिवार्य गराउन पाँचौ पञ्चवर्षीय योजना, छैटौँ पञ्चवर्षीय योजना, सातौँ पञ्चवर्षीय योजना, आठौँ पञ्चवर्षीय योजना, नवौँ पञ्चवर्षीय योजना, दशौँ पञ्चवर्षीय योजना, अन्तरीम योजना र त्रि-वर्षीय योजनाहरूका नीति तथा कार्यक्रमहरूले जोड दिएको देखिन्छ। साहित्य, कला र संस्कृतिको विकासले राष्ट्रको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यस्तो कार्यक्रमको माध्यमबाट सामाजिक कुरीति, रुढिवादी भावनालाई निर्मूल पारी सामाजिक सुधारमा सहयोग पुऱ्याउँछ।

युवा वर्गले राष्ट्र निर्माणमा सशक्त रुपमा योगदान पुऱ्याउन सक्ने, गरिबी तथा पछौटेपन एवम् विकृतिका विरुद्ध लड्न सक्ने क्षमतावान नागरिक तयार गर्न खेलकुद विकासले सहयोग पुऱ्याएको छ (सेरिड, २०६१)। बालबालिकाहरूले खेल क्षेत्रमा विकास गर्ने ठाउँ विद्यालय नै हो। यसले विद्यार्थीहरू नियमित रुपमा विद्यालय आइ आफूसँग भएको अन्तरनिहीत क्षमतालाई उजागर गर्नाले प्रतिभाहरु फस्टाउदै जाने गर्छ।

खेलकुद विकास कार्यक्रमलाई सहयोग पुऱ्याउन अन्तरिम योजना (२०६४-०६७) ले अतिरिक्त क्रियाकलापलाई विद्यालय तहदेखि उच्च शिक्षासम्मका कार्यक्रमसँग आबद्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरसम्मका प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने लक्ष्य लिएको छ। जसका लागि प्रत्येक माध्यमिक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्था गरी खेलकुदलाई व्यवसायमूलक बनाउन क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको छ। खेलाडीहरूलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था समेत गरेको देखिन्छ (राष्ट्रिय योजना आयोग, २०६४)।

विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रम सम्बन्धी नियमहरू बनाउन सक्ने प्रावधानअनुसार शिक्षा नियमावली २०५९ को परिच्छेद १४ मा अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था गरिएको छ। जसअर्न्तगत चित्रकला र हस्तकला प्रतियोगिता,वाद्यवादन, नृत्य प्रतियोगिता, नाटक प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता,

खेलकुद प्रतियोगिता, कविता वाचन, फुलबारी प्रतियोगिता, निबन्ध लेखन प्रतियोगिताहरू प्रत्येक विद्यालयहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन पाइने प्रावधान छ
(कानुन किताब व्यवस्था समिति, २०६०)।

शिक्षाले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँछ। जस्तै कक्षाकोठामा गरिने शिक्षण सिकाइ क्रियाकलापले बिद्यार्थीहरूको बौद्धिक भाषिक र संवेगात्मक पक्षको विकासमा सहयोग गर्दछ भने अतिरिक्त क्रियाकलापले खास गरी शारीरिक, क्रियात्मक, सामाजिक, सिर्जनात्मक र संवेगात्मक पक्षको विकासमा सहयोग पुऱ्याउँछ। साथै अतिरिक्त क्रियाकलापले कक्षाकोठाको निरस वातावरणबाट केही समयका लागि विद्यार्थीहरूलाई ताजगी र स्वच्छताको अनुभुति प्रदान गर्दछ। विद्यार्थीहरूलाई नियमितरूपमा विद्यालयमा आउन उत्साहित बनाउँछ। स्थानिय तथा राष्ट्रिय स्तरका कलाकार, खेलाडी, असल साहित्यकार तथा स्पष्ट वक्ता निर्माण गर्न समेत सहयोग पुग्दछ ( विष्ट,२०६८)।

अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीहरू नियमित रुपमा विद्यालय आउने बानीको बिकास हुन्छ। विद्यार्थीहरू व्याख्यान विधीबाट दिएको शिक्षण भन्दा आफैंले प्रत्यक्ष रुपमा भाग लिएर गरेको क्रियाकलापबाट बढी सन्तुष्ट हुन्छन्। विद्यार्थीहरूमा खेल र कुनै पनि मनोरञ्जनात्मक क्रियाकलापबाट उनीहरूको सिकाइमा प्रत्यक्ष प्रभाव पार्छ। यसरी विद्यार्थीको शिक्षण सिकाइमा भएको सफलताले विद्यालयको वार्षिक नतिजामा पनि प्रभाव पार्दछ। विद्यार्थीहरूमा सिकाइप्रतिको मनोवैज्ञानिक असरका कारण नियमित रुपमा विद्यालय आउने बानी हुन्छन्। जसको कारणले गर्दा विद्यार्थीहरू आफ्नो पढाइलाई निरन्तर रुपमा अगाडी बढाउन चाहन्छन् र विद्यार्थीको विद्यालय छाड्ने दरमा पनि कमी आउँदछ। अतिरिक्त क्रियाकलापले बालबालिकाहरूलाई आफ्नो साथीहरूसँग घुलमिल हुन, नेतृत्व लिन, प्रष्टरुपमा बोल्न, कार्य योजना बनाउने बानीको विकास हुन्छ। विद्यार्थीहरूको स्तर, उमेर र शारीरिक भिन्नताको अध्ययन गरी विविध खालका अतिरिक्त क्रियाकलाप सञ्चालन गरी शैक्षिक उपलब्धिको साथसाथै विविध पक्षको विकासको लागि यस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनु आवश्यक हुन्छ (शर्मा, २०५६)। अधिकांश विद्यालयहरूमा सञ्चालन हुने गरेका अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरूको सहभागिता अत्यन्तै न्यून हुने

गरेको पाइन्छ । यसरी विद्यार्थीहरूको सहभागिता न्युन हुनका कारण पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्न आवश्यक छ । अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरूको बढी भन्दा बढी सहभागिता गराउनका लागि उनीहरूमा प्रतिस्पर्धात्मक भावना जागृत गरी साथै विद्यार्थीहरूको आत्ममूल्याङ्कन तथा स्वधारणाको विकास गराउन आवश्यक छ । जसले गर्दा सर्वाङ्गीण पक्षको विकास हुनका साथसाथै विद्यालयको शैक्षिक र सामाजिक वातावरणमा महत्त्वपूर्ण सहयोग पुग्दछ । हरेक विद्यालयको विद्यार्थी नियमिततामा अतिरिक्त  क्रियाकलापले प्रत्यक्ष भूमिका खेलेको हुन्छ भन्ने तथ्यलाई विश्लेषणात्मक रुपमा अध्ययन गरी यो शोध पत्र तयार पारिएको छ ।

## 1.2. समस्याको कथन

बालवालिकाको सर्वाङ्गीण विकासको लागि पाठ्यक्रमद्धारा निर्देशित नियमित पठन पाठन कार्य मात्र प्रयाप्त हुदैन । त्यसका लागि उनीहरूलाई विभिन्न प्रकारका सिर्जनात्मक, रचनात्मक अतिरिक्त र सह क्रियाकलापमा संलग्न गराउन आवश्यक हुन्छ । यसरी विद्यार्थीको सामाजिक, शारीरिक, बौद्धिक र संवेगात्मक विकासका लागि नियमित पठन पाठनका अलवा विभिन्न अतिरिक्त क्रियाकलाप पनि संचालन गराउनु पर्ने हुन्छ । प्रत्येक विद्यालयमा बालबालिकाको रुचि, क्षमता र स्तर अनुसार विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । हाम्रो देशको सन्दर्भमा शिक्षाको संरचनालाई हेर्दा पूर्व प्राथमिक तहदेखि शुरू भई उच्च शिक्षासम्म रहेको छ । प्रत्येक तहका विद्यार्थीहरूलाई आ-आफ्नो स्तर र क्षमताअनुसार अतिरिक्त क्रियाकलापको माध्यमबाट सिर्जनात्मक र रचनात्मक क्षमताको विकास गर्न सकिन्छ । विद्यार्थीहरूको अन्तनिहित प्रतिभाको विकास गर्न विभिन्न किसिमका कार्यक्रमहरू संचालन गर्न आवश्यक हुन्छ । जुन सुकै विद्यालयहरूमा विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको माध्यमबाट शिक्षण गर्नु पर्ने व्यवस्था पाठ्यक्रममा गरिएको छ । अतिरिक्त क्रियाकलापका क्षेत्रमा धेरै अनुसन्धान भएका छन् तर पनि विद्यालय क्षेत्रमा यसको उपलब्धि सम्बन्धी अनुसन्धान न्युन रहेको पाइन्छ । त्यसै कारण विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापको अवस्थाको अध्ययन अनुसन्धान गरिएको छ । विद्यालय तहमा अतिरिक्त क्रियाकलाप कसरी संचालन गरिएका छन ? विद्यालयमा अतिरिक्त क्रियाकलापको लागि आवश्यक सामग्रीहरूको उपलब्धता के कस्तो छ ? विद्यार्थीहरूको रुचि र क्षमता अनुसारका सामग्रीहरू छन वा छैनन् ? भनाइ र गराइमा कतिको सम्बन्ध छ ? विद्यालयको अतिरिक्त

क्रियाकलाप सम्बन्धी भौतिक व्यवस्थापन कस्तो छ ? विद्यार्थीहरूको सिकाइप्रतिको धारणा कस्तो छ ? अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीहरूको नियमिततामा के कस्तो प्रभाव पारेको छ ? जस्ता शोध प्रश्नहरूको अनुसन्धान गरिएको छ ।

## 1.3.अध्ययनको औचित्य

शिक्षाको विकासले अतिरिक्त क्रियाकलापको विकासमा मद्दत पुऱ्याउँछ भने अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा सामाजिकिकरणको भावनाको विकास गर्दछ । विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्थापन पक्षले विद्यार्थीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालयको शैक्षिक वातावरण स्वच्छ बनाउन महत्त्वपूर्ण रहेको अतिरिक्त क्रियाकलापले विद्यार्थीको सिकाइमा कुनै न कुनै रुपबाट प्रभाव पारेको हुन्छ । विद्यालय तहमा अत्तिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभावलाई शिक्षण सिकाइ क्रियाकलापमा खेलेको भुमिकालाई प्रष्ट्याउन यो अनुसन्धान गरिएको हो । यस शोध अध्ययनले  शोधकर्तालाई विषयवस्तुको खोज गरी उद्देश्यको नजिक पुऱ्याउन सहयोग गरेको छ । यस शोध अध्ययनले विद्यालय तहमा अत्तिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था पहिचान गरी के कस्ता समस्याहरू छन्, ती समस्याहरू खोजी त्यसको निराकरण गर्न सहयोग पुऱ्याएको छ । यस अध्ययनले विद्यालयमा अत्तिरिक्त क्रियाकलाप सम्बन्धि भोलीका लागि गरिने योजनामा सहयोग पुऱ्याउने छ। यस अध्ययनले अत्तिरिक्त क्रियाकलाप सम्बन्धि योजना बनाउने योजनाविद्लाई पनि भावी योजनाको रणनिति तयार गर्न सहयोग पुऱ्याउने छ । यसले माथिल्लो निकायमा नीति निर्माताहरूलाई पनि सहयोग गर्नेछ । यस शोध शिर्षक अध्ययन विद्यार्थी वर्ग, भोलीका अध्ययनकर्ता तथा प्रयोगकर्ताका लागि पनि औचित्यपूर्ण रहेको छ ।

## 1.4. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन् :

क) अतिरिक्त क्रियाकलाप सञ्चालनको वर्तमान अवस्था पत्ता लगाउनु ।

ख) अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग) अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या पहिचान गर्नु ।

घ) अत्तिरिक्त क्रियाकलाप सञ्चालनका समस्याहरू सुझाउनु ।

## 1.5. अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् :

१) अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था कस्तो छ ?

२) अतिरिक्त क्रियाकलापको योजना कसरी तयार गरिएका छन् ?

३) अतिरिक्त क्रियाकलाप कसरी सञ्चालन भइरहेका छन् ?

४) अतिरिक्त क्रियाकलापको व्यवस्थापन कसरी गरिएको छ ?

५) अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेको छ ?

६) विद्यालयमा विद्यार्थी भर्नाको अवस्था कस्तो छ ?

## 1.6. अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धान कार्यलाई पूरा गर्ने क्रममा अध्ययनकर्तासँग उपलब्ध स्रोत र साधनहरूको आधारमा निम्न अनुसारको परिसीमा निर्धारण गरिएको छ । प्रस्तुत अध्ययन झापा जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको पृथ्वीनगर स्रोत केन्द्रमा मात्र सीमित गरिएको छ । उक्त स्रोत केन्द्र अन्तर्गत पर्ने प्राथमीक, निम्नमाध्यमिक र माध्यमिक तह सम्मका विद्यालयलाई समावेश गरिएको छ । यस अध्ययनमा विद्यालय तहका अत्तिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था र विद्यार्थी नियमिततामा मात्र केन्द्रित छ । यस अध्ययनका लागि २०६८ सालको तथ्याङ्क मात्र समावेश गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धानको सफलता प्राप्त गर्न सान्दर्भिक पूर्वशोधहरूको समीक्षा गर्नु अध्ययनको एउटा महत्त्वपूर्ण पक्ष भएकोले अनुसन्धानकर्तालाई आफ्नो विषयसँग सम्बन्धित कुनै पनि सन्दर्भ साहित्यहरूको अध्ययन गर्नुपर्ने हुन्छ । सम्बन्धित साहित्यको समिक्षाले अनुसन्धानकर्तालाई आफ्नो अध्ययन अनुसन्धानलाई कसरी अगाडि बढाउने कुरालाई सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रस्तुत शीर्षकमा हालसम्म विशिष्टिकृत रुपमा पूर्ण अध्ययन गरिएको नपाइए तापनि यस अध्ययनसँग सम्बन्धित आंशिक अध्ययन, पाठ्यपुस्तक, शोधपत्र, अनुसन्धान प्रतिवेदन, बुलेटिन, पत्रपत्रिका, लेख तथा रचनाहरूलाई पुरावलोकनको रुपमा अध्ययन गरिएको छ ।

पा.वि.के. (२०६०) मा उल्लेख भए अनुसार विद्यार्थीको मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति सिप र कलाको मूल्यांकन गर्ने कसौटीको रुपमा अतिरिक्त क्रियाकलापलाई लिन सकिन्छ । अतिरिक्त क्रियाकलापले विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास गर्दछ । मानिसमा भएको अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गर्न सहयोग गर्दछ । यसले राष्ट्रिय, अन्तर्राष्ट्रिय, ऐतिहासिक, सामाजिक सम्बन्धलाई प्रगाढ बनाउँछ ।

भोमी र मल्ल (२०५६) अनुसार कुनै पनि बालबालिकाल  यस पृथ्वीमा प्रवेश गरेपछि भोक लाग्दा खान पाउनु, बिरामी हुँदा औषधी उपचार पाउनु मनोरञ्जनका लागि खेल्न पाउनु अनि अज्ञानता हटाउन शिक्षा पाउनु उनीहरूको जन्मसिद्ध अधिकार हो जस्ले गर्दा विद्यार्थीहरूले आफ्नो रुचि क्षमता अनुसार अतिरिक्त क्रियाकलापमा भाग लिन र आफूसंग भएका सिर्जनशिल प्रतिभालाई अरुमाझ साटासाट गर्नु पनि हो ।

पौडेल (२०६२) अनुसार अतिरिक्त क्रियाकलापलाई शिक्षकहरूले विद्यार्थीको रुचि र क्षमता अनुसार रमाइला क्रियाकलाप सिर्जना गर्न सक्ने क्षमता, पाठ्यक्रमलाई प्रभावकारी ढङ्गले अध्ययन गर्न सक्ने, विद्यार्थीहरूको व्यक्तिगत चाहना बुझ्न सक्ने, सहयोगी, समर्पण र सहभागिता धेरैभन्दा

धेरै क्रियाकलापहरूको योजना र सङ्गठन गरी प्रभावकारी अध्यापन गर्न सक्ने सामर्थ्यको विकास गर्दछ । उपयुक्त क्रियाकलापको अभ्यास गराइ कक्षालाई सक्रिय र प्रभावकारी बनाउन विश्लेषण गर्ने क्षमताको बृद्धि गर्दछ ।

महर्जन (२०४२) का अनुसार विद्यार्थीहरूमा अतिरिक्त क्रियाकलापहरूको अध्ययनले विद्यार्थीको व्यवहारमा सकारात्मक सोचाइको विकास, सामाजिकीकरणको भावना अनुशासन, कर्तव्यनिष्ठ, निरन्तर विद्यालय आउने बानी, नयाँ कुराको खोज, सिर्जनशीलता र सहयोगी भावनाको विकासमा सहयोग पुऱ्याउँछ ।

पा.वि.के. (२०६१) का अनुसार मानव जीवनमा अतिरिक्त क्रियाकलाप अविच्छिन्न रुपमा रहेको पाइन्छ । चाहे त्यो साथी साथी बीच एक आपसको छलफलमा होस, चाहे कसैको भोजभत्तेरमा होस् । चाहे सो कुनै व्यक्तिको पुजा आजामा होस् अन्य औपचिारिक, अनौपचारिक कार्यक्रममा होस् । जहाँकाँही पनि अतिरिक्त क्रियाकलापको कुनै अंश रहेको वा प्रयोग भएको नपाइएमा सो कार्यक्रममा रोचकता आउदैन । तसर्थ विद्यालय स्तरको  अध्ययन अध्यापनमा पनि अतिरिक्त क्रियाकलाप प्रयोगमा ल्याउनु नितान्त आवश्यक छ । आज भोलि अतिरिक्त क्रियाकलापलाई विद्यालय कार्यक्रमको अभिन्न अंगका रुपमा लिइन्छ । अतिरिक्त क्रियाकलापलाई विद्यालय जीवनमा गतिशिल मानिन्छ । अतिरिक्त क्रियाकलापले बालवालिकाको व्यक्तिगत गुणहरू, क्षमताहरू, दक्षताहरू, सिप विकास गराउने, बालवालिकालाई स्वाभिमानी, आत्माविश्वासी, अनुशासित र राम्रो भविष्य बनाउने काम यसैले गर्दछ ।

खरेल (२०६६) का अुनसार विद्यालयमा सञ्चालन गर्ने क्रियाकलापले विद्यार्थीलाई खुराक प्रदान गर्न नसकेका कारण विद्यार्थीहरू नियमित रुपमा विद्यालयमा नहुने र विद्यालयले सञ्चालन गरेको शैक्षिक क्रियाकलापमा विद्यार्थीको संलग्नता न्यून रहने देखिदै आएको छ । यसलाई पूर्णता दिन र शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न विद्यालयमा विद्यार्थीहरूको अनिवार्य उपस्थिति आवश्यक हुन्छ । विद्यार्थीहरूलाई विद्यालयमा नियमित गराउन अतिरिक्त क्रियाकलापले पुरकको काम गरेको हुन्छ ।

काफ्ले र ढकाल (२०६५) का अनुसार अतिरिक्त क्रियाकलापले पाठ्यक्रमका समस्या समाधानका लागि सिकारुहरूको ज्ञान, सीप, क्षमता, सिर्जनात्मक साथै शिक्षण सिकाइका क्रममा सिकारुको स्वास्थ्य र बौद्धिक क्षमतालाई सन्तुलनमा राख्दछ । यसले व्यक्तिलाई सामाजिक परिवेशमा परिचित गराई व्यक्ति र समुहको  सह अस्तित्वलाई स्वीकार गर्छ । अतिरिक्त क्रियाकलापले व्यक्तिको सकरात्मक र नकरात्मक पक्षको विश्लेषण गरी छनोट कार्यमा अवसर उपलब्ध गराउनुका साथै यसले व्यक्तिमा मनोवैज्ञानिक गतिशितला जगाउँछ, जसले गर्दा व्यक्तिले गर्ने, व्यवहार, सीप, कलाको विकास गराउँछ । यसले सामाजिक रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

जबरा र श्रेष्ठ (२०६५) का अनुसार विद्यार्थी मूल्याकनका लागि अतिरिक्त क्रियाकलाप कार्यक्रमहरूको सञ्चालन र मूल्याकन एउटा महत्त्वपूर्ण पाटो हो । विद्यार्थीको व्यक्तित्व, रुचि, क्षमता, दक्षता, बौद्धिकता, ज्ञान, सिप, धारणा, व्यवहारको पहिचान र मूल्याकन अतिरिक्त क्रियाकलापबाट पनि गर्न सकिन्छ । निर्धारित पाठ्यक्रम र पाठ्यपुस्तक बाहिर सञ्चालन गरिने शैक्षिक, बौद्धिक, सामाजिक, शारीरिक क्रियाकलापहरूले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

कार्की (२०६५) का अनुसार विद्यालय व्यवस्थापनमा  शिक्षक, अभिभावक सबैको संयुक्त प्रयासले तयार गरिएको विद्यालयको अतिरिक्त क्रियाकलाप संचालनको अवस्थाले विद्यार्थीहरूको नियमिततामा प्रत्यक्ष प्रभाव पार्दछ र सिकाइको लागि उपयुक्त वातावरण बन्न सक्छ । उपयुक्त शैक्षिक वातावरणमा संचालन गरिएको सिकाइ क्रियाकलाप प्रभावकारी र उपलब्धीमूलक हुने गर्दछ । जसले गर्दा विद्यार्थीहरू सिक्ने र सिकाउने वातावरणमा  घुलमिल हुन सक्छन् ।

शिक्षा नियमावली (२०५९) परिच्छेद १४ को नियम ७६ मा अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रत्येक विद्यालयले हप्ताको एक पटक प्रत्येक शुक्रबार विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकासका लागि शिक्षक तथा विद्यार्थीहरू दुवैले कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्ने व्यवस्था छ । विद्यालयमा राष्ट्रियताको भावना जगाउने

मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरू प्रति अभिरुचि जगाउने किसिमका नाटक, नृत्य र लोकसंगितको विभिन्न किसिमका खेलकुदहरू नियमित रुपमा अभ्यास र संचालन गर्ने, विद्यार्थीहरूलाई सामाजिक सेवा र वातावरण  संरक्षण प्रति चेतना बढाउने, विद्यार्थीहरूलाई शिक्षा संस्था, सामुदायिक स्थल वा त्यस्तै अन्य स्थानको सरसफाई र संरक्षण, विद्यालयमा बगैंचा , करेसाबारीको निर्माण, वृक्षरोपण र साक्षरता कार्यक्रममा संलग्न गराउने, विद्यालयमा विद्यार्थीहरूको सहभागितामा स्काउट जुनियर रेडक्रस जस्ता संस्थाहरूका इकाइ खोल्न प्रोत्साहन गर्ने, प्रत्येक विद्यालयले नियमावलीमा उल्लेख भएका अतिरिक्त क्रियाकलाप विद्यालयमा संचालत गर्नु पर्ने, प्रतियोगितामा विशिष्टता हासिल गर्ने विद्यालय तथा विद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको पाइन्छ। (कानुन किताब व्यवस्था समिति, २०६०)

विष्ट (२०६८) का अनुसार आजको लोकतान्त्रिक युगमा मानिसका चौतर्फी जीवनका मार्गहरू अतिरिक्त क्रियाकलापबाट पनि तयार भएका छन्। व्यक्तिहरूले सङ्गीतको क्षेत्र होस् वा अभिनयको क्षेत्र होस्, अथवा खेलकुदको क्षेत्रबाट जीवनलाई सार्थक बनाएका छन्। यी सबैकुरामा प्रगति गर्न विद्यालय उमेरमा नै सिक्नुपर्ने हुन्छ। लामो समय र नियमित अभ्यासले नै मानिसलाई सफलताको सिँडीमा पुऱ्याउँछ। “तिमी जित्न सक्छौ” पुस्तकमा शिव खेराले १५ मिनेटको दौडमा अर्कालाई जित्न १५ वर्षदेखि नियमित अभ्यास गर्नुपर्छ।

## २.२ सैद्धान्तिक खाका

हरेक शोधअध्ययनलाई सम्बन्धित सिद्धान्तसँग मेल गराएर अगाडि बढाउनु शोधको औचित्यतालाई अर्थपूर्ण ढंगबाट पुष्टि गर्नु हो। यस शोध अध्ययनको मुख्य उद्देश्य अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभावसँग सम्बन्धित सिद्धान्तहरूसँग मेल गराएर लैजान आवश्यक हुन जान्छ। यसर्थ यस शोधसँग सम्बन्धित केहि सिद्धान्तहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

### २.२.१ सम्बन्ध प्रत्यावर्तनको सिकाइ सिद्धान्त

यस सम्बन्ध प्रत्यावर्तनको सिकाई सिद्धान्तमा प्याभ्लभले प्राणीको सिकाइमा वा व्यवहारमा परिवर्तन ल्याउनको लागि पुनर्वल, प्रेरणा, आशा तथा बाधक उत्तेजनाहरूको अनुपस्थितिले मुख्य

प्रभाव पार्ने कुरालाई उल्लेख गरेका छन् । उनले सिकाइलाई अस्वभाविक उद्धीपकको माध्यमद्वारा स्वभाविक उद्धीपक जागृत गराउँदै प्राणी (सिकारु)लाई अभ्यस्त बनाउन सकिने कुरा इङ्कीत गरेका छन् । यस्तो सिकाइ व्यवहार परिवर्तन प्रकृया शारीरिक, मनोवैज्ञानिक हुँदै प्राणीको व्यवहारिक जीवनमा प्रवेश गराउन सकिने कुरालाई जोड दिएको पाइन्छ । यस शोध अध्ययनमा पनि विद्यार्थीको सिकाइमा ल्याइने परिवर्तनलाई अतिरिक्त क्रियाकलापको माध्यमद्वारा अस्वभाविक प्रतिक्रियाद्धारा स्वभाविक प्रतिक्रियामा पुऱ्याउन सकिन्छ भने अतिरिक्त क्रियाकलापको माध्यमद्वारा पुनर्वल, प्रेरणा तथा आशा उत्तेजना ल्याई सिकाइमा जागरुक गराउन सकिन्छ । जहाँ नियमितताले ठाउँ ओगट्न पुग्दछ । यसर्थ सम्बन्ध प्रत्यावर्तनको सिकाई सिद्धान्तलाई अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा (सिकाईमा) प्रभाव पार्ने पक्षसँग सम्बन्धित गरेर अध्ययन गर्न सकिन्छ (शर्मा एण्ड शर्मा, २०६१) बाट उद्धत ।

### २.२.२ कार्यपरक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त

यस सिकाई सिद्धान्तमा वि.एफ. स्किनरले प्राणीले सिक्ने कुरामा व्यवहार निर्माण र पुनर्वलको व्यवस्थापन पक्षलाई महत्वपूर्ण मानेका छन् । उनले प्राणीको सिकाइमा उत्तेजना र प्रतिक्रियालाई सहचार्यको रुपमा प्रस्तुत गर्दै सिकाइलाई अगाडि बढाउन सकिने कुरा उल्लेख गरेका छन् । सिकारुलाई सिक्नको लागि जति बढी उत्प्रेरणा र पुनर्वल दिई उत्तेजना जगाउन सकिन्छ त्यतिनै मात्रामा सिकारुको प्रतिक्रिया सक्रिय भई सिकाइ व्यवहारिक र स्थायी हुने कुरा विश्लेषण गरी पुष्टि गरेका छन् । यसैगरी यस शोधअध्ययनमा पनि अतिरिक्त क्रियाकलापलाई उत्प्रेरणा र पुनर्वलको रुपमा लिई सिकारु (विद्यार्थी) लाई उत्तेजित गराइ सिकाइ प्रतिको प्रतिक्रिया जगाउन सकिन्छ । जुन सिकाईमा आएको प्रतिक्रियाले विद्यार्थी नियमिततामा प्रत्यक्ष प्रभाव पार्दछ । यसर्थ विद्यार्थी नियमितताको लागि अतिरिक्त क्रियाकलापलाई उत्तेजना र सिकारुको नियमित उपस्थितिलाई प्रतिक्रियाको रुपमा राखेर हेर्न सकिने हुनाले यस सिद्धान्तसँग यो शोधलाई सम्बन्धित गरेर उल्लेख गरेको छ (शर्मा एण्ड शर्मा, २०६१ बाट उदृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

विद्यालय भनेको अपेक्षित शैक्षिक जनशक्ति उत्पादन गर्ने कारखाना हो । अन्य कारखानामा गरिएको लगानी, प्रक्रिया तथा गुणस्तरीय बजार खपत हुने उत्पादन भएका वस्तुहरू जस्तै विद्यालयमा पनि लगानी, त्यसको प्रक्रिया र उपलब्धि प्राप्ति तथा प्रयोग क्षेत्र समान रहेको हुन्छ । पूर्व अवस्थामा परम्परावादी ढङ्गबाट सञ्चालन गरिएका अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापन कार्यहरू, अतिरिक्त क्रियाकलापको भौतिक अवस्थाहरू आजको आधुनिक शिक्षासँगसँगै अनिवार्य र व्यापक बन्दै गएको छ । कुनै पनि विषयको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन विभिन्न लेख, रचना, साहित्यिक अध्ययन, बुलेटिन, पत्र-पत्रिका, प्रतिवेदन, शोधपत्र र विभिन्न सिद्धान्तको आवश्यकता पर्दछ । यस अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव सम्बन्धी साहित्यको पुनरावलोकनको अध्ययनले निष्कर्षमा पुऱ्याउन मद्दत गर्दछ । अतिरिक्त क्रियाकलापको अवस्था, अतिरिक्त क्रियाकलापले पुऱ्याएको फाइदा, विभिन्न समयमा विभिन्न व्यक्तिहरूले गरेको खोजले यस शोधकार्यमा थप सहयोग पुगेको छ । शैद्धान्तिक खाकाको अध्ययनले अतिरिक्त क्रियाकलापलाई कुन सिद्धान्तले प्रभाव पारेको छ भन्ने कुराको खोज गर्न सहयोग पुऱ्याउँछ । अतिरिक्त क्रियाकलापलाई व्यवहारवादी सिद्धान्तको आधारमा अध्ययन गरी सिकाइले उत्प्रेरणा पैदा गराई विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा उत्साहित बनाउन सहयोग पुऱ्याउँछ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

यस अनुसन्धान विधिले अध्ययन कार्यलाई मुख्य रुपमा निर्देशन गरिरहेको हुन्छ । यो अध्ययनमा अनुसन्धान ढाँचा, जनसंख्या, नमुना छनौटको आकार, नमुना छनौट विधि, तथ्याङ्कको श्रोत, तथ्याङ्क संकलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया जस्ता अध्ययन विधिहरूको बारेमा छलफल गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनको क्रममा विद्यालयको छनोट, अध्ययन क्षेत्र, अध्ययन गरिएका साधनहरू, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको व्याख्या र विश्लेषण गरी प्रस्तुत गरिएको छ । यसशोध अध्ययनमा परिमाणात्मक र गुणात्मक प्रकृतिको ढाँचा प्रयोग गरिएको छ । संकलित कच्चा सूचनालाई तालिकीकरण, व्याख्यात्मक एवम् विश्लेषणात्मक पद्धति अपनाई विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या

यस शोध अध्ययन झापा जिल्ला पृथ्वीनगर स्रोतकेन्द्रमा रहेको पाँच वटा सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरू., शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू तथा श्रोतव्यक्तिहरू र शिक्षाप्रेमीहरू यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमूनाको आकार

यो अध्ययनक्षेत्रको अनुसन्धान गर्नको लागि पृथ्वीनगर श्रोतकेन्द्रको सामुदायिक विद्यालयहरू मध्येबाट २ वटा प्रा.वि., १ वटा नि.मा. र २ वटा मा.वि. विद्यालयहरू छनौट गरिएका छन् । यस अध्ययनलाई पुरा गर्न ५ वटा विद्यालयका ५ जना प्र.अ. १० जना विषय शिक्षक, १० जना विद्यार्थी, १० जना अभिभावक र १ जना श्रोतव्यक्तिहरूलाई नमूनाको रुपमा छनौट गरिएका छन् ।

| क्र.सं. | विद्यालय | प्रधानाध्यापक | शिक्षक | विद्यार्थी | अभिभावक | स्रोत व्यक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रा.वि. | १ | २ | २ | २ | | |
| २ | सिचाइ प्रा.वि. | १ | २ | २ | २ | | |
| ३ | सीता नि.मा.वि. | १ | २ | २ | २ | १ | |
| ४ | हिमाली उ.मा.वि. | १ | २ | २ | २ | | |
| ५ | लक्ष्मी उ.मा.वि. | १ | २ | २ | २ | | |
| | जम्मा | ५ | १० | १० | १० | १ | ३६ |

## ३.४ नमूना छनौट विधि

यस अनुसन्धानका लागि अध्ययन गरिएका विद्यालयबाट उद्देश्य परिपुर्तिका आधारमा प्र.अ.हरू र सम्बन्धित विषयमा चासो राख्ने शिक्षकलाई उद्देश्यमुलक नमुना छनौट विधि प्रयोग गरिएको छ भने विद्यार्थीहरूलाई संयोग नमूना छनौट विधि अन्तर्गत चिठ्ठा प्रयोग गरी १ जना छात्रा र १ जना छात्र प्रत्येक विद्यालयबाट लिइएको छ । अभिभावकहरूको सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य गरी उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरिएको छ ।

## ३.५ नमुना छनोटको आधार

यस अनुसन्धानमा पाँच वटा विद्यालय र तथ्याङ्क संकलनमा जम्मा ३६ जना उत्तरदाताहरूलाई अध्ययनको लागि छनोट गरिएको छ । यो अध्ययनका लागि छनोट गरिएका पाँच वटा विद्यालयमध्ये दुईवटा प्रावि, एक निमावि, दुईवटा माविलाई छनोटमा प्राथमिकता दिनुका प्रमुख कारण भौगोलिक, आर्थिक अवस्था, समयको पावन्दी, अध्ययनकर्ताको आफ्नै क्षेत्र भएकाले तथ्याङ्क सङ्कलनमा सहज हुने हुँदा पृथ्वीनगर स्रोत केन्द्रलाई नै आधार मानी यो अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.६ अध्ययनको साधन

यस अध्ययनमा आवश्यक तथ्याङ्क तथा सूचना संकलन गर्नका लागि निम्न अनुसारको साधनहरूको प्रयोग गरिएको छ :

### (क) अन्तरवार्ता प्रश्नावली

प्रधानाध्यापक, शिक्षकहरू र विद्यार्थीहरूका लागि छुट्टाछुट्टै अन्तरवार्ता प्रश्नावली तयार गरी प्रश्नावलीका आधारमा प्र.अ., शिक्षक र विद्यार्थीहरूसँग विद्यालयमा अतिरिक्त क्रियाकलापका लागि चाहिने आवश्यक स्रोत सामग्री के कसरी प्राप्त हुन्छ, ती स्रोत सामग्री प्राप्त गर्न के कस्ता समस्या आउँछन् र ती समस्याहरूलाई कसरी निराकरण गर्न सकिन्छ भनी सोधिएको थियो । यस प्रश्नावलीको नमुना अनुसूचि क, ख, ग र घ मा राखिएको छ ।

### (ख) लक्षित समूह छलफल

लक्षित समूह छलफलमा अभिभावक, शिक्षक, प्रअहरूलाई भेला गरी अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीको नियमिततामा पारेको प्रभाव बारे बुँदा टिपोटमा छलफल गरी आएको निष्कर्षको आधारमा अनुसन्धान गरिएको छ । जसलाई अनुसूचि घ मा राखिएको छ ।

## ३.७ साधनको वैधता

यस अध्ययनको क्रममा प्रयोग गरिएका साधनहरूको वैधता कायम गर्नका लागि निम्न अनुसारको प्रक्रियाहरू अपनाइएको छ :

(क) सम्बन्धित विद्यालयको प्रअ, शिक्षक, विद्यार्थी, अभिभावक तथा स्रोतव्यक्तिहरूको सम्पर्कमा रहेर गरिएको छ ।

(ख) आवश्यकताअनुसार नमुना परीक्षण, लाइब्रेरी अध्ययन, विभिन्न लेखहरूको अध्ययन तथा शिक्षकहरूसँग छलफल गरिएको छ ।

### ३.८ तथ्याङ्कको स्रोत

यस शोध-अध्ययन कार्य पुरा गर्ने क्रममा निम्न अनुसारका स्रोतबाट तथ्याङ्कहरूको प्रयोग गरिएको छ :

क) प्राथमिक स्रोत

यस शोध-अध्ययनमा शोधकर्ता आफै अध्ययन क्षेत्रका विद्यालयहरूमा पुगी अवलोकन लगायत प्र.अ.शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई प्रत्यक्ष भेटी संकलन गरिएका सूचनाहरू समावेश गरिएको छ

ख) द्वितीय स्रोत

यस शोध-अध्ययन कार्यलाई पूरा गर्ने क्रममा आवश्यक तथ्याङ्कको लागि विद्यालयको अभिलेख, पुस्तकालय तथा विभिन्न लेख रचना, पत्र पत्रिका, अप्रकाशित शोध पत्रहरूबाट प्राप्त सूचनाहरू संकलन गरिएको छ ।

### ३.९ तथ्याङ्क संकलन प्रक्रिया

यस शोध-अध्ययन कार्यलाई पूरा गर्ने क्रममा तथ्याङ्क संकलन प्रक्रियाको रुपमा प्राथमिक श्रोतलाई तथ्याङ्कहरू अन्तर्गत अलोकन अन्तरवार्ता, प्रश्नोत्तर तथा छलफलका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा पुगी सूचनाहरू संकलन गरिएको छ भने द्वितीय स्रोतका तथ्याङ्कहरूको लागि सम्बन्धित विद्यालयहरूको शैक्षिक अभिलेख पत्रपत्रिका, लेख तथा शोध अध्ययन सूचनाहरू संकलन गरिएको छ ।

### ३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका लागि सङ्कलन गरिएका आवश्यकीय तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । सामान्य गणितीय विधिहरू प्रतिशत र अनुपातको प्रयोग गरिएको छ । ग्राफ, वृत्तचित्र, चार्ट प्रस्तुत गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । उत्तरदाताहरू, प्रअ, शिक्षक, अभिभावक विद्यार्थी तथा सरोकारवालालाई अन्तरवार्ता  लिई उनीहरूको भनाइको आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ । विद्यालयमा विद्यार्थीहरूको भर्नादर, उपस्थिति कार्यक्रममा

सहभागी विद्यार्थी, विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलाप जस्ता तथ्याङ्कलाई आधार मानी व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

झापा जिल्लाको दक्षिणी भेगमा रहेको पृथ्वीनगर स्रोत केन्द्रमा मात्र सीमित गरिएको यस शोध-अध्ययनमा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको नियमिततामा पारेको प्रभाव सम्बन्धी सङ्कलित सूचनाहरूलाई क्रमबद्धरुपमा राखी व्याख्या विश्लेषण गरिएको छ। विद्यार्थीहरूको नियमिततालाई मापनको केन्द्र विन्दुमा राखी विद्यार्थीहरूको रुची, क्षमता, उमेर, मनोविज्ञानलाई ख्याल गरी गरिएको अतिरिक्त क्रियाकलाप नै शिक्षण सिकाइ क्रियाकलापको निम्ति उपयुक्त शैक्षिक वातावरण हुन्छ भने उपयुक्त शैक्षिक वातावरणमा सञ्चालन गरिएको सिकाइ क्रियाकलापबाट सकारात्मक सिकाइ उपलब्धि हासिल हुनसक्छ। यस सन्दर्भमा यस शोध-अध्ययनमा अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभावको अवस्था अध्ययनमा सर्वप्रथम अतिरिक्त क्रियाकलापको वर्तमान अवस्थाको अध्ययन गरिएको छ।

## ४.१ अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था

शैक्षिक गुणस्तर अभिबृद्धि मापन गर्दा जहिले पनि विद्यार्थीहरूलाई केन्द्र विन्दूमा राखेर हेर्नु पर्दछ। विद्यार्थीहरूलाई सिकाइको केन्द्रविन्दूमा राखेर शैक्षिक उपलब्धि बृद्धि गर्नका लागि विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप प्रमुख हुन आउँछ। अतिरिक्त क्रियाकलापको अवस्थालाई पहिचान गर्दा विद्यालयस्तरमा पहिलेदेखि नै सञ्चालन गर्दै आएको पाइन्छ। अहिले शिक्षा नियामावली २०५९ को परिच्छेद १४ मा पनि अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था गरेको छ। जस अन्तर्गत प्रत्येक विद्यालयले अनिवार्य रुपमा हप्ताको शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने, विद्यालयले प्रत्येक विद्यार्थीलाई कार्यक्रममा सहभागी गराउनु पर्ने, क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्नुपर्ने, कार्यक्रममा विद्यार्थीहरूलाई उत्साहित गराउन शिक्षकहरूले पनि सहभागी हुनुपर्ने, जसले गर्दा विद्यार्थीमा पनि सिक्ने भावनाको विकास हुन्छ। विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरू हाजिरीजवाफ, वक्तृत्वकला, वादविवाद, नृत्य, गायन, भलिबल, क्रिकेट, फूटबल, कविता वाचन निबन्ध लेखन, नाटक चित्रकला, फूलबारी बनाउने, शैक्षिक भ्रमण आदि रहेका छन्। यस्ता कार्यक्रमहरूलाई नियमित रुपमा सञ्चालन गर्नाले विद्यार्थीहरूमा रहेको प्रतिभाहरू उजागर हुने गर्दछ। विद्यार्थीको शारीरिक,

मानसिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुग्दछ (नेपाल कानून व्यवस्था समिति, २०६०) । अहिलेको पाठ्यक्रममा पनि अतिरिक्त क्रियाकलाप र सम्बन्धी व्यवस्था छ । विषयगत रुपमा पाठ्यपुस्तकहरूमा पनि सन्दर्भ अनुसार अतिरिक्त क्रियाकलाप राखिएको छ । जसले गर्दा विद्यार्थीहरूको चौतर्फी विकासमा सहयोग पुग्दछ । विद्यालयहरूले खेलकुद शिक्षक भनेर छुट्टै शिक्षकको व्यवस्था पनि गरेका छन् भने कुनै विद्यालयमा सामूहिक सहयोगवाट कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । कुनै विद्यालयमा विद्यार्थीहरूको नै नेतृत्वमा पनि कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । अहिलेको परिवेशलाई अध्ययन गर्दा पहिलेको घोकन्ते विद्याको साटो विद्यार्थीहरूमा खेल र मनोरञ्जनको वातावरणबाट सिकेको सिकाइ दीगो र प्रभावकारी हुने विश्वास गरिन्छ । यो विज्ञानको चमत्कारी यूगमा सानो घेराभित्र रहेको विश्व समाजमा अतिरिक्त क्रियाकलाप पनि मुख्य पेशाको रुपमा रहन सक्छ । जस्तैः फूटबल खेलाडी, क्रिकेट खेलाडी, साहित्यिक विधाका लेखकहरू । त्यसैकारण अतिरिक्त क्रियाकलापलाई महत्त्वपूर्ण विषयको रुपमा लिन सकिन्छ । यस शोध अध्ययन क्षेत्रभित्र परेका सामुदायिक विद्यालयहरूको अतिरिक्त क्रियाकलापको वर्तमान अवस्थाको अध्ययन तलका बुँदाहरूको आधारमा गर्न सकिन्छ ।

### ४.१.१ अतिरिक्त क्रियाकलापको योजना

अतिरिक्त क्रियाकलाप सम्पूर्ण विद्यालयहरूले अलग गर्ने गरेता पनि विद्यार्थीहरूको स्तर, उमेर चाहना र विद्यालयको भौतिक अवस्थाको आधारमा गर्ने गरेको पाइन्छ कुनै विद्यालयले साहित्यिक विधालाई बढी महत्त्व दिएको पाइन्छ भने कुनै विद्यालयले खेलुकुद क्षेत्रलाई बढी ध्यान दिएको हुन्छ । तर, प्राय विद्यालयहरूले विद्यार्थीहरूको बौद्धिक विकासका लागि समय मिलाएर सम्पूर्ण कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्छ ।

यस अध्ययन क्षेत्रभित्र नमूना छनोटमा परेको सामुदायिक विद्यालयहरूमा गर्ने गरेका अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयको वार्षिक कार्यतालिका अनुसार शैक्षिक सत्र २०६८ को आधारमा विवरणात्मक रुपमा तालिकामा राखी व्याख्या गरिएको छ ।

तालिका १ : अतिरिक्त क्रियाकलाप योजनाको तालिका (शैक्षिक सत्र २०६८)

| क्र. स. | अतिरिक्त क्रियाकलाप विवरण र सञ्चालन | विद्यालयको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | श्री प्रा.वि. | श्री सिचाइ प्रा.वि. | श्री सीता नि.मा.वि. | श्री हि.उ. मा.वि. | श्री लक्ष्मी उ.मा.वि. |
| १ | फुटबल | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २ | भलिबल | - | - | ✓ | ✓ | ✓ |
| ३ | क्रिकेट | - | - | - | ✓ | ✓ |
| ४ | बास्केटबल | - | - | - | - | ✓ |
| ५ | नृत्य | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | गायन | - | - | ✓ | ✓ | ✓ |
| ७ | कविता वाचन | | ✓ | ✓ | ✓ | ✓ |
| ८ | चित्रकला/हस्तकला | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ९ | निबन्ध लेखन | - | - | ✓ | ✓ | ✓ |
| १० | वादविवाद | - | - | - | ✓ | ✓ |
| ११ | हिज्जे प्रतियोगिता | ✓ | ✓ | - | - | - |
| १२ | बक्तृत्वकला | - | - | ✓ | ✓ | |
| १३ | नाटक | - | - | - | ✓ | ✓ |
| १४ | शैक्षिक भ्रमण | - | ✓ | - | - | ✓ |
| १५ | फूलबारी निर्माण | - | - | ✓ | - | - |

*स्रोत : वार्षिक कार्यतालिका, २०६८*

अतिरिक्त क्रियाकलापको विवरणको अवस्थालाई तालिकाको आधार व्याख्या गर्दा श्री प्रा.वि. मा अतिरिक्त क्रियाकलापको विवरण हेर्दा विद्यार्थीहरूलाई शारीरिक र बौद्धिक विकासका लागि फूटबल, नृत्य, चित्रकला/हस्तकला, हिज्जे प्रतियोगिता र फूलबारी निर्माण क्रियाकलापहरू वार्षिक कार्यतालिकामा राखेको पाइन्छ । श्री सिचाइ प्रा.वि.को अतिरिक्त क्रियाकलापको योजनामा, फूटबल, नृत्य, चित्रकला/हस्तकला, कविता वाचन, हिज्जे प्रतियोगिता र नाटक जस्ता अतिरिक्त क्रियाकलाप योजना गरेको पाइयो । श्री सीता नि.मा.वि.मा फूटबल, भलिबल, नृत्य, गायन, चित्रकला, निबन्ध लेखन, हिज्जे प्रतियोगिता, शैक्षिक भ्रमण अतिरिक्त क्रियाकलाप उल्लेख गरेको पाइयो । श्री हिमाली उच्च मा.वि.को कार्यतालिका अवलोकन गर्दा फूटबल, भलिबल, क्रिकेट, नृत्य, गायन, कविता वाचन, चित्रकला/हस्तकला, निबन्ध लेखन, वक्तृत्वकला अतिरिक्त क्रियाकलापको योजना गरेको पाइयो । श्री लक्ष्मी उ.मा.वि.को अवलोकन गर्दा त्यहाँको अतिरिक्त क्रियाकलापको अवस्था अध्ययन गर्दा फूटबल, भलिबल, क्रिकेट, बास्केटबल, नृत्य, गायन, कविता वाचन, चित्रकला/हस्तकला,

निबन्ध लेखन, वादविवाद, वक्तृत्वकला र नाटक अतिरिक्त क्रियाकलापको योजना गरेको देखियो । अध्ययन छनोटका विद्यालयहरूलाई तुलनात्मक रुपमा अध्ययन गर्दा प्रा.वि. तहमा भन्दा नि.मा.वि. तहमा बढी अतिरक्त क्रियाकलाप हुने गरेको देखिन्छ । नि.मा.वि. तहमा भन्दा मा.वि. तहमा बढी विधामा अतिरिक्त क्रियाकलाप गरेको पाइयो ।

### ४.१.२. अतिरिक्त क्रियाकलापको सञ्चालनको अवस्था

यस नमुना छनोटमा परेको विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्थाको अध्ययन गर्दा प्रत्येक विद्यालयले आआफ्नै तरिकाले गर्ने गरेको पाइन्छ । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।


तालिका नं. २ अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था

| क्र.स. | अतिरिक्त क्रियाकलाप सञ्चालन | विद्यालयको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | श्री प्रावि | श्री सिचाइ प्रावि | श्री सीता निमावि | श्री हि.उमावि | श्री लक्ष्मी उमावि |
| १. | फुटबल | - | - | १ | २ | २ |
| २. | भलिबल | - | - | १ | २ | २ |
| ३. | क्रिकेट | - | - | - | - | १ |
| ४. | नृत्य, गायन | १ | १ | १ | १ | १ |
| ५. | कविता वाचन | - | १ | २ | ३ | ३ |
| ६. | निबन्ध लेखन | - | - | १ | २ | २ |
| ७. | वादविवाद, वक्तृत्वकला | - | - | - | १ | १ |
| ८. | चित्रकला, हस्तकला | १ | १ | १ | १ | १ |
| ९. | नाटक | - | - | - | १ | १ |
| १०. | फूलबारी निर्माण | - | - | १ | - | - |
| ११. | हिज्जे प्रतियोगिता | १ | १ | - | - | - |
| | जम्मा | ३ | ४ | ८ | १३ | १४ |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका २ को नमुना छनोटमा परेका विद्यालयहरूको तुलनात्मक अध्ययन गर्दा श्री प्रा.वि. ले गायन/नृत्य, हिज्जे प्रतियोगीता, चित्रकला/हस्तकला अतिरिक्त क्रियाकलाप संचालन गरेको पाइयो । श्री सिचाइ प्रा.वि.मा नृत्य/गायन, कविता वाचन, चित्रकला/हस्तकला, हिज्जे प्रतियोगीता अतिरिक्त क्रियाकलाप संचालन गरेको पाइयो । श्री सीता नि.मा.वि.मा फुटबल, भलिबल, नृत्य/गायन, कविता वाचन, हस्तकला/चित्रकला र फुलबारी निर्माण संचालन गरेको पाइयो । श्री हिमाली उच्च मा.वि. मा फुटबल, भलिबल, कविता वाचन, निबन्ध लेखन, वादविवाद, वक्तृत्वकला, नृत्य/गायन, हस्तकला/चित्रकला र नाटक संचालन गरेको पाइयो । श्री लक्ष्मी उ.मा.वि.ले अतिरिक्त क्रियाकलापमा फुटबल, भलिबल, क्रिकेट, नृत्य/गायन, कविता वाचन, निबन्ध लेखन, वादविवाद, चित्रकला र नाटक संचालन गरेको पाइयो । यसरी तालिका १ र तालिका २ को तुलनात्मक अध्ययन गर्दा प्रा.वि. तहमा सामग्री भएपनि कार्यक्रम संचालन कम गर्ने गरेको पाइयो । किनभने अतिरिक्त क्रियाकलापका लागि चाहिने भौतिक पुर्वाधारको अभाव, विद्यार्थी पनि साना भएकाले कार्यक्रम कम संचालन गर्नेगरेको पाइयो । नि.मा.वि.मा सामग्री अनुसारको कार्यक्रमलाई प्रा.वि.को भन्दा बढी रुपमा संचालन गरेको पाइयो । माध्यमिक विद्यालयको अध्ययन गर्दा अतिरिक्त क्रियाकलाप बढी विधामा संचालन गरेको देखियो । माध्यमिक तहमा विद्यार्थीहरू धेरै र ठूला हुने भएकाले कार्यक्रम प्रति आफै उत्साहित भई बढी मात्रामा संचालन गरिएको पाइयो ।

चित्र १ : अतिरिक्त क्रियाकलाप संचालनको अवस्था



### ४.१.३ अतिरिक्त क्रियाकलाप व्यवस्थापन

अतिरिक्त क्रियाकलाप सञ्चालन गराउनमा विद्यालयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयहरूले आफ्ना विद्यार्थीहरूको चौतर्फी विकासका लागि विविध किसिमका कार्यक्रमहरू सञ्चालन गरिएका हुन्छन् । जस अन्तर्गतका कार्यक्रमहरूलाई विद्यालयका वार्षिक कार्यतालिकामा नै उल्लेख गरेको हुन्छ भने कुनै विद्यालयहरूमा आफ्नै इच्छाअनुसार क्रियाकलाप गराएको पाइन्छ । कतिपय विद्यालयहरूले अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि शिक्षकको व्यवस्था पनि गरेका हुन्छन् भने कतिपय विद्यालयमा सम्पूर्ण शिक्षकको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । अतिरिक्त क्रियाकलाप गर्दा लाग्ने खर्च पनि कतिपय विद्यालयहरूले वार्षिक बजेटको आधारमा छुट्याइ गर्ने गरेको पाइन्छ भने कुनै विद्यालयले विद्यार्थीहरूबाट उठाएर पनि खर्च गर्ने गरेको पाइन्छ ।

अतिरिक्त क्रियाकलाप सञ्चालन गराएपछि विद्यार्थीहरूलाई हौसला स्वरुप पुरस्कारको व्यवस्था गर्न सक्दा अझ राम्रो हुने गरेकाले कतिपय विद्यालयले पुरस्कारको व्यवस्था गर्ने गरेको पाइन्छ । यस शोध-अध्ययन छनौटमा परेका विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्थाको अध्ययन गर्दा निम्न तालिकामा देखाएर अनुसार पाइयो ।

तालिका ३ : अतिरिक्त क्रियाकलापको व्यवस्थापन

| विद्यालयको नाम | अतिरिक्त क्रियाकलापको व्यवस्थापन | | | | | अवस्था |
|---|---|---|---|---|---|---|
| | विद्यालय वार्षिक कार्यतालिका | शिक्षक जिम्मेवारी | खर्च व्यवस्था | पुरस्कार | सञ्चालनको नियमितता | |
| श्री प्रा.वि. | उल्लेख गरेको | नदिएको | नगरिएको | गरिएको | मासिक | कमजोर |
| श्री सिचाइ | उल्लेख गरेको | नदिएको | सामान्य गरेको | गरिएको | मासिक | सामान्य |
| श्री सीता | उल्लेख गरेको | नदिएको | सामान्य गरेको | गरिएको | पाक्षिक | सामान्य |
| श्री हिमाली | उल्लेख गरेको | दिएको | छुटाएको | गरिएको | साप्ताहिक | राम्रो |
| श्री लक्ष्मी | उल्लेख गरेको | दिएको | छुटाएको | गरिएको | साप्ताहिक | राम्रो |

*स्रोतः विद्यालय अभिलेख, २०६८*

तालिका ३ मा अतिरिक्त क्रियाकलापको व्यवस्थापनको अध्ययन गर्दा नमुना छनोटमा परेका विद्यालयहरूको व्यवस्थापन पक्ष माथिको तालिकामा देखाएअनुसार रहेको छ । जसलाई प्रत्येक विद्यालयले अतिरिक्त क्रियाकलाप वार्षिक कार्यतालिकामा उल्लेख गरेको पाइयो । श्री प्रावि, श्री सिचाइ प्रावि, श्री सीता निमाविमा खेलकुद शिक्षक भनेर छुट्टै शिक्षकको व्यवस्था नगरेको पाइयो । श्री हिमाली उच्च मावि र लक्ष्मी उच्च माविमा छुट्टै खेलकुद शिक्षकको व्यवस्था गरेको पाइयो । खर्च व्यवस्थापन पक्षमा अध्ययन गर्दा श्री प्राविमा नछुट्याइएको, श्री सिचाइ र श्री सीता निमाविमा सामान्य रुपमा खर्च छुट्याएको, श्री हिमाली उच्च मावि र लक्ष्मी उमाविमा वार्षिक रुपमा अतिरिक्त क्रियाकलापलाई भनेर खर्च व्यवस्थापन गरेको विद्यालय स्रोतबाट जानकारी पाइयो । प्रतियोगितामा सफल प्रतियोगीहरूलाई सबै विद्यालयमा पुरकास्कारको व्यवस्था गरेको पाइन्छ । नमुना छनौटका विद्यालयको सञ्चालनको नियमितताको अवस्था हेर्दा श्री प्रावि र श्री सिचाइ प्राविले मासिक रुपमा अतिरिक्त क्रियाकलाप गर्ने गरेको, श्री सीता निमाविले पाक्षिक, श्री हिमाली उच्च माविले र श्री लक्ष्मी उच्च माविले साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलाप गर्ने गरेको विद्यालयको अभिलेख अध्ययनबाट जानकारी पाइयो ।

विद्यालयको अतिरिक्त क्रियाकलाप व्यवस्थापनको विश्लेषण गर्दा श्री प्रा.वि.मा कार्यक्रमलाई बढी महत्त्व नदिएको देखिन्छ । कारण खोजी गर्दा बजेट अभाव, अतिरिक्त क्रियाकलापका लागि आवश्यक पुर्वाधार नभएका कारण पनि बढी समय अतिरिक्त क्रियाकलापलाई नदिएको देखियो । श्री सिचाइ प्रा.वि. र श्री सीता नि.मा.वि.को अतिरिक्त क्रियाकलाप व्यवस्थापन कार्यतालिकामा उल्लेख गरेको, छुट्टै शिक्षकको व्यवस्था नभए पनि विद्यालयले वार्षिक रुपमा सामान्य खर्च छुट्याउने गरेको र कार्यक्रमलाई जोड दिएको कारण यी दुवै विद्यालयको अतिरिक्त क्रियाकलापको अवस्था सामान्य देखिन्छ । नमुना छनौटका मा.वि.हरूको तुलना गर्दा बढी मात्रामा अतिरिक्त क्रियाकलापलाई ध्यान दिएको पाइयो । विद्यार्थी आफै क्रियाकलाप खोजी गर्ने भएकाले कार्यक्रम बढी मात्रामा संचालन भएको, विद्यालयले खेलकुद शिक्षाको व्यवस्था गरेको र बजेट व्यवस्थापनमा विद्यालय सक्रिय रहेको कारण पनि अवस्था राम्रो रहेको पाइयो ।

### ४.१.४. अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था

विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विद्यालय पक्षको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। प्रत्येक विद्यालयले आ-आफ्नो अवस्था र आवश्यकता अनुसार शैक्षिक सामग्रीहरूको व्यवस्था गरेको हुन्छ। विद्यार्थीहरूलाई घोकन्ते विद्यामा मात्र सिमित नराखेर अथवा किताबी किरो हुनबाट जोगाउन विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ। खेल र मनोरञ्जनबाट बालबालिकाको सिकाइ क्षमतामा आउने परिवर्तनलाई ध्यानमा राखी उमेर, स्तर र क्षमता अनुसार अतिरिक्त क्रियाकलापका सामग्रीहरूको आवश्यकता पर्दछ। त्यसलाई प्रत्येक विद्यालयहरूले सामग्रीहरूको व्यवस्था गरिदिएको हुन्छ। यसकालागी, फूटबल, भलिबल, बास्केटबल, क्रिकेट, पुस्तककालयको व्यवस्था, सांस्कृतिक कार्यक्रमका लागि चाहिने सामग्रीहरू, स्कीपिङ्ग (डोरी नाघ्ने) जस्ता सामग्रीहरूको व्यवस्था गरिदिएको हुन्छ। यस्ता सामग्रीहरूको व्यवस्थाले विद्यार्थीहरूमा विद्यालय आउन प्रेरित गर्दछ। नियमितरुपमा विद्यार्थीहरू विद्यालय आउने बानीको विकास भयो भने शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीको चेतनामा बृद्धि भई शैक्षिक उपलब्धीमा पनि बृद्धि हुनसक्छ। अनुसन्धानको क्रममा अध्ययन छनोटमा परेका विद्यालयहरूको अतिरिक्त क्रियाकलापको सामग्रीहरूको अवस्था यस प्रकार रहेका छन्।


तालिका ४ : अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था

| क्र.स. | सामग्रीको अवस्था | श्री प्रा.वि. | श्री सिचाइ प्रा.वि. | श्री सीता नि.मा.वि | श्री हिमाली मा.वि. | श्री लक्ष्मी उ.मा.वि. |
|---|---|---|---|---|---|---|
| १ | फूटबल | १ | १ | २ | ३ | ३ |
| २ | भलिबल | - | - | १ | २ | २ |
| ३ | बास्केटबल | - | - | - | - | १ |
| ४ | क्रिकेटबल | - | - | - | २ | २ |
| ५ | मादल | १ | १ | १ | १ | १ |
| ६ | हारमोनियम | - | - | १ | १ | - |
| ७ | साउन्ड सिस्टम | - | - | - | १ | १ |
| ८ | हेन्ड माइक | - | - | - | १ | - |
| ९ | पुस्तकालय | - | - | - | १ | १ |
| १० | कम्प्यूटर | - | - | १ | २ | ४ |
| ११ | पिङ्ग | - | - | - | १ | - |
| १२ | डोरी नाघ्ने | ६ | ८ | ६ | ८ | ७ |
| १३ | साना बल | ४ | २ | ४ | २ | २ |
| | | १२ | १२ | १५ | २५ | २४ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

तालिका ४ को अध्ययन गर्दा प्रत्येक विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था एकनासको रहेको पाइँदैन । प्रत्येक विद्यालयले आफ्नो-आफ्नो आर्थिक स्रोतअनुसार सामग्रीहरू जुटाएको पाइयो र साना-साना विद्यार्थीहरू अर्थात प्रा.विको तुलनामा नि.मा.वि. र मा.वि.मा सामग्रीहरू बढी मात्रामा रहेको पाइन्छ । यस अध्ययनमा परेका विद्यालयहरूको सामग्रीहरूमा श्री प्रा.वि.मा जम्मा १२ वटा सामग्रीहरू, श्री सिचाइ प्रा.वि.मा १२ वटा, श्री सीता नि.मा.वि.१५ वटा र मा.वि.हरूमा क्रमशः २५ र २४ रहेका छन् । अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था अध्ययनबाट प्राप्त सामग्रीलाई तलको स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र २: अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था




## ४.१.५ अतिरिक्त क्रियाकलाप सामग्री प्रयोगको अवस्था

यस शोध अध्ययन नमुना छनोटमा परेका विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सामग्री अवस्थालाई विद्यालय अभिलेखको आधारमा हेर्दा श्री प्रावि र श्री सिचाइ प्राविमा केटाकेटी साना साना भएकाले फुटबल र भलिबललाई विशेष महत्त्व नदिएर डोरी नाघ्ने, साना बलहरू खेलाइएको देखियो । त्यस्तै श्री सीता निमाविमा फुटबल, भलिबल, डोरी नाघ्ने, कम्प्युटर सिकाइ जस्ता सामग्रीको समय मिलाएर प्रयोग गरेको पाइयो । श्री हिमाली उच्च माविमा फुटबल, भलिबल, हारमोनियम बजाउन, कम्प्युटर सिकाइ, डोरी नाघ्ने जस्ता सामग्रीको प्रयोग गरेको पाइयो । त्यस्तै गरेर श्री लक्ष्मी उच्च माविमा भलिबल, फुटबल, क्रिकेट, बास्केटबल, कम्प्युटरको प्रयोग, पुस्तकालयको प्रयोग अतिरिक्त क्रियाकलाप सामग्रीको प्रयोग गरेको पाइन्छ ।

## ४.२. अतिरिक्त क्रियाकलापले विद्यार्थी नियमिततामा पारेको प्रभाव

शिक्षण सिकाइ क्रियाकलाप आफैँमा पूर्ण र परिपक्व हुँदैन । शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउने क्रममा अतिरिक्त क्रियाकलापको भूमिकालाई महत्त्वपूर्ण रुपमा लिन सकिन्छ । अतिरिक्त क्रियाकलापलाई प्रत्येक विद्यालयले अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ । नियमित रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नाले विद्यार्थीहरूको लुकेर रहेको प्रतिभा उजागर हुने गर्दछ । अभ्यासले नै मानवलाई पूर्णता प्रदान गर्दछ । विद्यार्थीहरूलाई कक्षाकोठामा मात्र बसिरहँदा नैरसता उत्पन्न हुने गर्दछ (वाग्ले, २०६०)। समयसमयमा विद्यालयले विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नाले नियमित रुपमा विद्यालय आउने बानीको विकास हुन्छ । निरन्तररुपमा विद्यालय आउने बानी गर्नाले पढ्ने बानीको पनि विकास हुन्छ । जसले गर्दा शैक्षिक उपलब्धिमा पनि उल्लेखनीय बृद्धि हुन्छ । अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा समेत मद्दत पुर्‍याउँछ । विद्यालयमा नियमितरुपमा विद्यार्थीहरू आउने गर्नाले अतिरिक्त क्रियाकलापको माध्यमबाट शारीरिकरुपमा तन्दुरुस्त हुन्छन् । उनीहरूमा भएको शारीरिक असक्षमतालाई पनि पहिचान गरी अभिभावकलाई जानकारी गराउन सकिन्छ । विभिन्न क्रियाकलापमा भाग लिनाले उसको बौद्धिक क्षमतामा पनि बृद्धि हुने र विद्यालय वातावरण पनि सामाजिकीकरण भावना विकास भई नेतृत्व लिन अग्रसर हुन्छ । अतिरिक्त क्रियाकलापमा भाग लिँदा रमाइलो हुने, जित्न सकिने हौसला पनि बढ्ने भएकाले संवेगात्मक विकासमा पनि सहयोग पुग्दछ । यसकारणले गर्दा अतिरिक्त क्रियाकलाप सञ्चालनले शिक्षण सिकाइ क्रियाकलापमा पनि उत्साह प्रदान गर्दछ र विद्यार्थी नियमिततामा प्रभाव पार्दछ । यस शोध-अध्ययन नमूना छनोटमा परेका विद्यालयहरूको अतिरिक्ति क्रियाकलाप सञ्चालनले विद्यार्थीहरू नियमिततामा पारेको प्रभावको विश्लेषण गर्न निम्नानुसारका शीर्षकहरू राखी विश्लेषण गरिएको छ ।

### ४.२.१. विद्यालयमा विद्यार्थी भर्नादरको अवस्था

विद्यार्थी भर्नादर भन्नाले विद्यालयमा विद्यार्थीहरूको भर्ना सङ्ख्यालाई जनाउँछ । जसमा भर्ना हुने विद्यार्थीहरू नयाँ विद्यार्थीहरू पनि हुन सक्छन् र तल्लो कक्षा उत्तीर्ण विद्यार्थीहरू माथिल्लो कक्षामा भर्ना भएका पनि हुन सक्छन् । कति विद्यार्थी कक्षा दोहोर्‍याउने पनि हुन सक्छन् । विद्यार्थी भर्ना शैक्षिक सत्र सुरु हुँदा नै लिने गरिन्छ । प्रत्येक विद्यालयले विद्यार्थीहरूको भर्ना आआफ्नो

तरिकाले गर्ने गर्दछन् भने यस शोध अध्ययन छनौटमा परेका विद्यालयमा विद्यार्थी भर्नादरको अवस्थालाई निम्न तालिकामा देखाउन सकिन्छ ।


तालिका ५ : विद्यालयमा विद्यार्थी भर्ना दरको अवस्था

| विद्यालयको नाम | कक्षागत भर्ना विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| श्री प्रावि | ३० | ३५ | ३५ | ३८ | ३५ | – | – | – | – | – | १७३ |
| श्री सिचाइ प्रावि | ३२ | ३५ | ३५ | ४० | ४० | – | – | – | – | – | १७२ |
| श्री सीता निमावि | ४० | ४० | ४५ | ४६ | ५० | ६० | ५५ | ५३ | – | – | ३३९ |
| श्री हिमाली उ मावि | ५० | ५० | ४५ | ४५ | ५५ | ११५ | ९४ | ११० | ८३ | १०० | ७३७ |
| श्री लक्ष्मी उमावि | ७० | ७० | ६५ | ६५ | ६५ | १५० | १२० | १८० | २०० | १८० | ११६५ |

*स्रोत : विद्यालय अभिलेख, २०६८*

तालिका ५ मा यस शोध अध्ययन छनोटमा परेका विद्यालयमा विद्यार्थी भर्नादरको दरको अवस्थालाई विद्यालय अभिलेखबाट अध्ययन गर्दा श्री प्राविको १ देखि ५ सम्मका विद्यार्थीहरू जम्मा १७३ जना, विद्यालयमा भर्ना भएका रहेछन् भने श्री सिचाइ प्राविमा जम्मा १७२ भर्ना भएका रहेछन् । श्री सीता निमाविमा १ देखि ८ कक्षासम्म जम्मा विद्यार्थी ३३९ जना भएको पाइयो भने श्री हिमाली उच्च माविमा (१-१० कक्षा) ७३७ जना र श्री उच्च मावि बनियानीमा ११६६ जना विद्यार्थी भर्ना भएको विद्यालय अभिलेखबट प्राप्त गर्न सकियो । माथिको तालिकालाई स्तम्भ चित्रमा पनि देखाइएको छ ।

चित्र ३: विद्यार्थी भर्ना अवस्था



### ४.२.२. विद्यार्थी उपस्थितिको अवस्था

यस शोध-अध्ययन कार्य पूरा गर्ने क्रममा संलग्न गराइएका विद्यालयहरूका विद्यार्थीहरूको दैनिक उपस्थितिलाई हेर्दा सबै विद्यालयहरू एकनासको देखिँदैन । विद्यालयमा रहेका व्यवस्थापनको विविधता झैँ विद्यार्थी उपस्थितिमा पनि विविधता रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका विद्यालयहरूमा शैक्षिक सत्र २०६८ वैशाखदेखि असारसम्म त्रैमासिक विद्यार्थी उपस्थितिको विवरणलाई औसत उपस्थितिका आधारमा तलको तालिकामा राखिएको छ ।


तालिका ६ : विद्यार्थी उपस्थिति विवरण (वैशाखदेखि असारसम्म)

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | जम्मा कार्य दिन | जम्मा उपस्थित | औसत उपस्थित |
|---|---|---|---|---|---|
| १ | श्री प्रा.वि. | १७३ | ६४ | ८८२७ | ५१ |
| २ | श्री सिचाइ प्रा.वि. | १७२ | ६४ | ८९०६ | ५२ |
| ३ | श्री सीता नि.मा.वि. | ३३९ | ६४ | १८०६७ | ५३ |
| ४ | श्री हिमाली उ.मा.वि. | ७३७ | ६४ | ४०४३५ | ५५ |
| ५ | श्री लक्ष्मी उ.मा.वि. | ११६५ | ६४ | ६४०७५ | ५५ |

*स्रोत: विद्यालय हाजिरी अभिलेख, २०६८*

माथिको विद्यार्थी उपस्थिति विवरण तालिका अनुसार सबै विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति एकनासको रहेको पाइँदैन । श्री प्रा.वि. र सिचाइ प्रा.वि.को तुलनामा श्री सीता नि.मा.वि.मा विद्यार्थीको उपस्थिति संख्या बढी रहेको र श्री हिमाली उच्च मावि र श्री लक्ष्मी उ.मा.वि.मा तुलना गर्दा श्री हिमाली उ.मा.वि.को विद्यार्थी उपस्थिति संख्या बराबर रहेको देखिन्छ । यस विद्यार्थी उपस्थिति विवरण तालिकालाई वृत्त चित्रमा देखाइएको छ

चित्र ४ : विद्यार्थी औसत उपस्थिति अवस्था (प्रतिशतमा)



### ४.२.२. अतिरिक्त क्रियाकलापमा विद्यार्थी उपस्थितिको अवस्था

अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थी सर्वाङ्गीण विकास गर्न मद्दत पुर्‍याउँछ। विद्यार्थीहरूलाई सिक्ने भावनाको विकास गराउँछ, जिज्ञासु बनाउँछ, नेतृत्व सीप विकास गराउँछ र क्षमताको विकास गराउनमा मद्दत गर्ने भएकोले विद्यार्थीहरूमा विद्यालय आउने वातावरणको पनि विकास गराउँदछ। यस शोध-अध्ययन नमूना छनोटमा उपस्थितिमा पनि विविधता पाइन्छ। अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरू अतिरिक्त क्रियाकलाप सञ्चालन नगरेको अवस्थामा भन्दा तुलनात्मक रुपमा बढी भएको पाइन्छ। यस तालिकामा विद्यार्थी अतिरिक्त क्रियाकलापमा सहभागी भएको र नभएको अवस्थालाई देखाइएको छ।

तालिका ७ : अतिरिक्त क्रियाकलाप भएको र नभएको दिनको उपस्थिति विवरण


| विद्यालय | अतिरिक्त क्रियाकलापको भएको दिन | | | अतिरिक्त क्रियाकलाप नभएको दिन | | |
|---|---|---|---|---|---|---|
| | जम्मा विद्यार्थी | उपस्थिति | प्रतिशत | जम्मा विद्यार्थी | उपस्थिति | प्रतिशत |
| श्री प्रा.वि. | १७३ | १२० | ६९.३६ | १७३ | १०० | ५७.८० |
| श्री सिचाइ प्रा.वि. | १७२ | १५० | ८७.२० | १७२ | ११० | ६३.५८ |
| श्री सीता नि.मा.वि. | ३३९ | ३०० | ८८.४९ | ३३९ | २५० | ७३.७४ |
| श्री हिमाली उ.मा.वि. | ७३७ | ६८० | ९२.२६ | ७३७ | ६०० | ८१.४१ |
| श्री लक्ष्मी उ.मा.वि. | ११६५ | १००० | ८५.८३ | ११६५ | ९०० | ७७.२५ |

*स्रोत : विद्यालय अभिलेख, २०६८*


तालिका ७ मा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको दिनको विद्यार्थी उपस्थिति र नभएको दिनको विद्यार्थी उपस्थितिको तुलनात्मक अध्ययन गर्दा  श्री प्रा.वि.मा जम्मा विद्यार्थी भर्ना १७३ मा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको दिन १२० जना (६९.३६%) विद्यार्थी उपस्थिति भएका छन् भने अतिरिक्त क्रियाकलाप सञ्चालन नभएको दिन १०० जना (५७.८०%) विद्यार्थी मात्र उपस्थिति भएको पाइयो। श्री सिचाइ प्रा.वि.को अध्ययन गर्दा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको दिन जम्मा भर्ना विद्यार्थी १७२ जनामा १५० जना (८७.२०%) विद्यार्थी उपस्थिति भएको देखिन्छ भने अतिरिक्त क्रियाकलाप सञ्चालन नभएको अवस्थामा ११० जना विद्यार्थी (६३.५८%) विद्यार्थी सहभागी भएको देखिन्छ। त्यसैगरी श्री सीता नि.मा.वि.मा जम्मा भर्ना विद्यार्थी ३३९ जना र अतिरिक्त क्रियाकलाप भएको दिन सहभागी विद्यार्थी ३०० (८८.४९%) रहेको र अतिरिक्त क्रियाकलाप सञ्चालन नभएको दिन २५० जना (७३.७४%) मात्र उपस्थित भएको देखिन्छ। श्री हिमाली उ.मा.वि.को जम्मा विद्यार्थी भर्ना ७३७ मा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको दिन

६८० जना (९२.२६%) विद्यार्थी उपस्थित रहेको पाइन्छ भने अतिरिक्त क्रियाकलाप सञ्चालन नभएको दिन ६०० जना (८१.४१%) विद्यार्थी मात्र उपस्थिति रहेको पाइन्छ । श्री लक्ष्मी उ.मा.वि.मा जम्मा भर्ना विद्यार्थी ११५६ मा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको १००० जनाको (८५.८३%) उपस्थित रहेकोमा अतिरिक्त क्रियाकलाप नभएको दिन ९०० जना (७७.२५%) मात्र उपस्थिति रहेको पाइयो । यो प्रत्यक्ष सहभागी भइ गरिएको यस नमूना छनोटका विद्यालयहरूमा विद्यार्थीहरूको अवस्था अवलोकन गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ कि विद्यार्थीहरूमा खेल र मनोरञ्जनको वातावरणबाट शिक्षा दिंदा बढी सहभागी रहने रहेको छ । त्यसैले पनि के भन्न सकिन्छ भने नियमित रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी नियमिततामा पनि सकारात्मक प्रभाव पर्छ । जसलाई वृत्त चित्रमा देखाइएको छ ।

चित्र ५ : अतिरिक्त क्रियाकलाप भएको दिन विद्यार्थीको उपस्थिति (प्रतिशतमा)




चित्र ६ : अतिरिक्त क्रियाकलाप नभएको दिन विद्यार्थीको उपस्थिति (प्रतिशतमा)



### ४.२.३. अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता

अतिरिक्त क्रियाकलापलाई विद्यार्थीहरूको अर्न्तनिहित प्रतिभालाई उजागर गर्ने तत्वको रुपमा लिइन्छ । विद्यालयमा यसलाई पनि छुट्टै विषयको रुपमा सञ्चालन गर्नुपर्ने अवस्था आएको छ । अहिलेको परिवेशमा विद्यार्थीहरू विभिन्न विधामा आ-आफ्नो क्षमता प्रर्दशन गर्ने जमर्को गर्दछन् । कसैलाई नृत्य, कसैलाई गायन, कसैलाई खेलकुद त कसैलाई साहित्यिक पाटोमा बढी उत्साहित भएको देखिन्छ । यस शोध-अध्ययन छनोटमा परेका विद्यालयहरूको विद्यार्थीहरूमा एउटै क्रियाकलापभन्दा विविध क्रियाकलापमा पनि आफ्नो-आफ्नो मन पर्ने क्षेत्रपट्टि बढी उत्सुक भएको पाइयो । यी विद्यालयहरूमा गराइएका अतिरिक्त क्रियाकलापका छुट्टछुट्टै पक्षहरूलाई नियाल्दा विद्यार्थी सहभागी क्षेत्र अनुसार फरक-फरक रहेको पाइयो । प्रा.वि. तहमा विद्यार्थी संख्या पनि थोरै र साना हुने गरेकाले विद्यालयले जस्तो कार्यक्रम गरेता पनि खुशी हुने तर नि.मा.वि. र मा.वि.को सन्दर्भमा विद्यार्थीहरूले आफैं पनि कार्यक्रम संयोजन गर्ने गरेकाले उनीहरूको चाहना अनुसार कार्यक्रम सञ्चालन गर्ने गरेको देखिन्छ । त्यसैले यस विद्यालयहरूको अध्ययन गर्न कस्ता कार्यक्रममा बढी विद्यार्थी सहभागी हुन्छन् र कस्तामा कम हुन्छन् भनी विद्यालय अवलोकनबाट के प्राप्त गर्न सकिन्छ भने प्रा.वि.तर्फ का १ देखि ५ सम्मका विद्यार्थीहरू नृत्य, दौड, चित्रकला र डोरी नाघ्ने जस्ता क्रियाकलापमा बढी सक्रिय रहेको पाइन्छ । यस्ता खेलहरूमा विद्यार्थी पनि बढी नै रहेको पाइन्छ । नि.मा.वि. र मा.वि. तहका विद्यार्थीहरू सम्पूर्ण क्रियाकलापमा नै आफू सक्रिय रुपले भाग लिन पाउने भएकाले सम्पूर्ण क्रियाकलापमा नै विद्यार्थी सहभागिता बढी रहेको देखिन्छ । अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीको विद्यालयप्रति बढी आकर्षित भएको देखिन्छन् । यसले पनि विद्यार्थीहरूमा मनोबैज्ञानिक असर पर्दछ र शिक्षण सिकाइ क्रियाकलापमा पनि सक्रिय भई शैक्षिक उपलब्धि पनि सकरात्मक पाउन सकिने अगाडिको तथ्यांकहरूबाट प्राप्त गर्न सकिन्छ । अतिरिक्त क्रियालापमा विद्यार्थी सहभागितालाई विभिन्न कार्यक्रमको आधारमा निम्न बुँदाहरू राखी विश्लेषण गरिएको छ ।

#### ४.२.३.१ चित्रकलामा विद्यार्थीहरूको सहभागिता

विद्यार्थीहरूलाई शिक्षण सिकाइ प्रति चेतना जगाउने उद्देश्यले विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप गर्न सकिन्छ । त्यसमा पनि चित्रकलाले विद्यार्थीहरूको सीप पक्षको विकासका साथै

आफ्नो मनोभावलाई उजागर गर्दछन् । विद्यार्थीहरू आफ्नो कला प्रदर्शनमा उत्साहित हुने भएकाले बढी सहभागी भएको पाइयो । विद्यालयहरूले चित्रकला कार्यक्रम बढी मात्रामा प्रावि तहमा सञ्चालन गर्ने गरेका र मावि, निमावि तहमा अन्तरविद्यालय प्रतियोगिता, जिल्ला प्रतियोगिता र विभिन्न सामाजिक सङ्घसंस्थाहरूले सन्देशमूलक रुपमा अन्तरविद्यालय चित्रकला प्रतियोगिता गरेको पाइयो । यस शोध अध्ययन् छनोटका विद्यालयको चित्रकला प्रतियोगितामा विद्यार्थी सहभागितालाई तलको तालिकामा देखाइएको छ ।


तालिका ८ : चित्रकला प्रतियोगितामा विद्यार्थी सहभागिता

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रममा उपस्थित विद्यार्थी | चित्रकला प्रतियोगितामा सहभागी विद्यार्थी | औसत प्रतिशत |
|---|---|---|---|---|
| १. | श्री प्रावि | १३० | १५ | ११.५३ |
| २. | श्री सिचाइ प्रावि | १३५ | १८ | १३.३३ |
| ३. | श्री सीता निमा | ३०० | ४५ | १५ |
| ४. | श्री हिमाली उमावि | ६५० | ७० | १०.७६ |
| ५. | श्री लक्ष्मी उमावि | १००० | ८५ | ८.५० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६८*

तालिका ८ मा चित्रकला प्रतियोगितामा विद्यार्थी सहभागिताको अवलोकन गर्दा सम्पूर्ण विद्यालयले गर्ने गरेको र विद्यार्थी उपस्थितिमा पनि उल्लेख्य बृद्धि भएको पाइयो । जस अन्तर्गत कार्यक्रममा उपस्थिति विद्यार्थीहरूमध्ये श्री प्राविमा १३० जनामा १५ जनाले भाग लिएको र अरु विद्यार्थी कार्यक्रममा सहभागी भई कार्यक्रमलाई उत्साह बढाएको पाइन्छ । त्यसै अनुरुप श्री सिचाइमा १६ जनाले, श्री सीता निमाविमा ४५ जनाले श्री हिमाली ७० जना र श्री लक्ष्मी उमाविमा ८५ जना विद्यार्थीहरू चित्रकला प्रतियोगितामा भाग लिएको र अन्य विद्यार्थीहरूले कार्यक्रममा सहभागी भई हौसला बढाउने गरेको पाइयो । माथिको तालिकालाई स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र ७: चित्रकला प्रतियोगीतामा सहभागी विद्यार्थी




## ४.२.३.२ कविता वाचनमा सहभागिता

विद्यार्थीहरूलाई विद्यालयप्रति उत्साहित गराउन विदालय विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गर्दछन् । जसमध्ये कविता वाचन पनि एक हो । कविता वाचनले पनि विद्यार्थीहरूको बौद्धिक क्षमतामा बृद्धि गर्ने भएकाले विद्यालयले यस्तो कार्यक्रम समय-समयमा गर्ने मात्रमा निमावि र मावि तहका विद्यार्थीहरूको बढी सहभागिता पाइन्छ । यस शोध अध्यक्ष छनोटका विद्यालयहरूमा कविता वाचन कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ९: कविता वाचनमा सहभागिता विद्यार्थीहरू

| क्र.सं. | विद्यालय | कविता वाचनमा सहभागी |
|---|---|---|
| १. | श्री प्राबि | - |
| २. | श्री सिचाइ प्रा.वि. | १५ |
| ३. | श्री सीता नि.मा.वि. | ३० |
| ४. | श्री हिमाली उ.मा.वि. | ५० |
| ५. | श्री लक्ष्मी उ.मा.वि | ७० |

*स्रोत : विद्यालय अभिलेख, २०६८*

तालिका ९ को व्याख्या गर्दा कविता वाचन कार्यक्रमलाई श्री प्राविले नगरेको कारण के हो भने केटाकेटीले रुचि नराख्ने साह्रै साना भएकाले वार्षिक कार्यतालिकामा कविता वाचन उल्लेख नगरेको जानकारी प्राप्त भयो । श्री सिचाइ प्राविको विश्लेषण गर्दा जम्मा विद्यार्थीमध्ये १५ जनाले कार्यक्रममा प्रतियोगी भएका र अरु दर्शकको रुपमा कार्यक्रम सहभागी भएको अध्ययनले जनाउँछ ।

श्री सीता निमाविमा पनि सोही अनुरुप ३० जना विद्यार्थीले कार्यक्रममा प्रतियोगिता भएको पाइन्छ भने श्री हिमाली उच्च मावि र श्री लक्ष्मी उमाविमा पनि क्रमश: ५० र ७० जना कार्यक्रममा भाग लिएको पाइन्छ ।

### ४.२.३.३ नृत्य र गायन प्रतियोगितामा सहभागी विद्यार्थीहरू

विद्यालयहरूले आफ्नो आफ्नो तरिकलो कार्यहरू सञ्चालन गर्ने गरेका छन् । जसमध्ये प्रत्येक विद्यालयले सांस्कृतिक कार्यक्रम अन्तर्गत नृत्य पनि गराउने गर्दछ । विद्यार्थीहरू सांस्कृतिक कार्यक्रमप्रति बढी उत्साहित भएको पाउन सकिन्छ । आफू प्रतियोगी नभई कार्यक्रम हेर्न सम्पूर्ण विद्यार्थीहरू उपस्थिति हुने गर्दछन् भन्ने तलको तालिकाले प्रस्ट्याउन सकिन्छ ।

तालिका १० : नृत्य र गायनमा विद्यार्थी सहभागिता

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | कार्यक्रममा उपस्थित विद्यार्थी | नृत्यमा | गायनमा |
|---|---|---|---|---|---|
| १. | श्री प्रावि | १७३ | १६० | २० | २० |
| २. | श्री सिचाइ प्रा.वि. | १७२ | १५५ | २० | २० |
| ३. | श्री सीता नि.मा.वि. | ३३९ | ३१० | ५० | ५० |
| ४. | श्री हिमाली उ.मा.वि. | ७३७ | ७०० | ७० | ७० |
| ५. | श्री लक्ष्मी उ.मा.वि | ११६५ | ११०० | ८० | ८० |

*स्रोत : विद्यालय अभिलेख, २०६८*

तालिका १० लाई अध्ययन गरी व्याख्या गर्दा धेरै विद्यार्थी कार्यक्रममा सहभागी भएको पाइन्छ । श्री प्रावि विद्यालयमा १७३ जना विद्यार्थीमा कार्यक्रममा  उपस्थित विद्यार्थी १६० जना र नृत्यमा भाग लिन विद्यार्थी २० जना रहेका छन् भने त्यस विद्यालयले गायन कार्यक्रम सञ्चालन नगरेको पाइयो भने श्री सिचाइ प्राविमा पनि १७२ जना विद्यार्थीमा १५५ जना विद्यार्थी उपस्थिति रहेको र कार्यक्रममा प्रतियोगी रुपमा भाग लिने २० जना विद्यार्थीहरू रहेको पाइन्छ भने अन्य विद्यार्थी कार्यक्रममा सहभागी भई रमाइलो गरेको देखिन्छ । श्री सीता निमाविको अवलोकन गर्दा विद्यालयले सांस्कृतिक कार्यक्रममा नृत्य र गायन दुवै सञ्चालन गरेको पाइयो र विद्यार्थीहरू उत्साहित तरिकाले कार्यक्रममा सहभागी भएको पनि पाइन्छ । त्यस्तै श्री हिमाली उच्च मावि र श्री लक्ष्मी उच्च माविमा पनि नृत्य र गायन दुवैतर्फ विद्यार्थीको प्रतियोगितामा भाग लिएका र अन्यविद्यार्थीहरू कार्यक्रममा उत्साहपूर्वक उपस्थिति रहेको देखिन्छ ।

### ४.२.४. अतिरिक्त क्रियाकलापप्रति विद्यार्थीको धारणा

शैक्षिक क्रियाकलापको केन्द्र विन्दुमा रहेको कक्षा शिक्षण जति प्रभावकारी र अर्थपूर्ण हुन सक्यो त्यति नै विद्यार्थी सहभागितामा बृद्धि गर्न सकिन्छ र शैक्षिक उपलब्धिमा पनि सकरात्मक परिवर्तन आउँछ । अतिरिक्त क्रियाकलाप सम्बन्धित विद्यार्थीहरूको धारणा सकरात्मक पाइन्छ । उनीहरूमा क्रियाकलापप्रति बढी उत्सुकता आउने कारणबाट पनि विद्यालयले अनिवार्य विषयको रुपमा पठनपाठन गराउनुपर्ने विद्यार्थीहरूको धारणा रहेको छ । उनीहरूमा सबैलाई पालोपालो रुपमा अनिवार्य विद्यार्थीहरूलाई भाग लिने बानीको विकास गराउनुपर्छ । त्यसका लागि सदन छुट्याएर विद्यार्थीहरूमा बढी प्रतिस्पर्धाको भावना विद्यालय प्रशासनले राख्नुपर्छ । विद्यार्थीहरूको भनाई अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न छुट्टै शिक्षकको आवश्यकता महसुस भएको रहेको छ । जसमा पनि शिक्षक तालिम प्राप्त भयो भने सम्पूर्ण क्रियाकलाप सञ्चालनमा बाधा नपर्ने उनीहरूको धारणा छ । समय-समयमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार दिएर हौसला प्रदान गर्नुपर्ने उनीहरूको धारणा छ । यसले यस शोध-अध्ययन छनोटमा परेका विद्यालयको विद्यार्थीहरूको अतिरिक्ति क्रियाकलाप सञ्चालनले विद्यार्थी नियमिततामा पारेको प्रभाव सम्बन्धी धारणा तलको तालिका प्रस्तुत गरिएको छ ।


तालिका ११ : अतिरिक्त क्रियाकलापले पारेको प्रभाव सम्बन्धी विद्यार्थीको धारणा

| क्र.सं. | विद्यार्थीको धारणा | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सिक्न जाँगर ल्याउँछ | २ | २० |
| २ | विद्यालय आइरहन मन लाग्छ | ३ | ३० |
| ३ | नेतृत्व सीपको विकास हुन्छ | ५ | ५० |
| | जम्मा | १० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६८*

माथि उल्लेखित तालिका अनुसार अतिरिक्त क्रियाकलापले विद्यार्थी नियमिततामा पारेको प्रभावलाई हेर्न सकिन्छ । सम्बन्धित विद्यालयका विद्यार्थीहरूको धारणा अनुसार अतिरिक्त क्रियाकलापले विद्यार्थी नियमिततामा विद्यार्थीहरूको धारणा बुझ्दा जाँगर ल्याउँछ भन्ने २० प्रतिशत, विद्यालयमा आइरहन मन पर्दछमा ३० प्रतिशत विद्यार्थीहरूको धारणा पाइन्छ भने नेतृत्व सीपको विकासमा ५० प्रतिशत विद्यार्थीहरूको धारणा पाइन्छ । जसले गर्दा पनि विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलाप सञ्चालनले सकारात्मक परिवर्तन ल्याउने भएकाले विद्यालयमा अनिवार्य उपस्थित हुने गरेको विद्यार्थीको धारणा छ । जसलाई तलको वृत्त चित्रमा देखाइएको छ ।

*चित्र ८ : विद्यार्थीहरूको धारणा*




## ४.२.५ अतिरिक्त क्रियाकलापप्रति शिक्षकको धारणा

शक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र कक्षाकोठाको वातावरण उत्साहजनक बनाउन शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । विद्यार्थीहरू लगातारुपमा कक्षाभित्र बसी अध्ययन गरिरहँदा पढाइप्रति निरसता प्रकट गर्ने गरेका कारण पनि विद्यार्थीहरूलाई उत्साहित बनाउन कक्षाभित्र पनि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको शिक्षकको धारणा पाइन्छ । विषयगतरुपमा पनि कतिपय कार्यक्रमहरू पाठ्यपुस्तकमा नै तोकिएका कारण विद्यार्थीहरूलाई कक्षाकोठाभित्र पनि अतिरिक्त क्रियाकलाप गराउने वातावरण सिर्जना गरेको पाइयो । कक्षागत रुपमा सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरूमा हाजिरजवाफ, वक्तृत्वकला, चित्रकला, निबन्ध लेखन आदि कार्यक्रम विषयगत शिक्षकहरूले नै सञ्चालन गर्ने गर्नु भएको र कक्षा कोठामा सञ्चालन गर्न नसकिने कार्यक्रमलाई कक्षाबाहिर अथवा तहगत रुपमा पनि सञ्चालन गर्ने गरका शिक्षकहरू धारणा छ । कतिपय विद्यालयमा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षकको व्यवस्था नभएकाले पनि कार्यक्रम आकर्षक नहुने, अतिरिक्त क्रियाकलापमा शिक्षकको व्यवस्था गर्दा बढी रोचक हुने धारणा शिक्षकहरूको छ । विद्यार्थीहरूलाई नजिकबाट चिन्न सकिने कारण उसको रुची अनुसारको कार्यक्रममा चासो राख्न लगाउँदा बढी फाइदा हुने र आफ्नो प्रतिभा तिखारिएर जाने धारणा शिक्षकहरूको छ । प्रा.वि. र मा.वि. विद्यालयको तुलनात्मक अध्ययन गर्दा प्रा.वि. तहमा भन्दा बढी विद्यार्थी मा.वि. तहमा हुने भएकाले जिम्मेवारी बढी भएको बताउनु हुन्छ ।

यस अध्ययन क्षेत्रभित्र रहेका विद्यालयहरूबाट संलग्न गराइएका शिक्षकहरूको अतिरिक्त क्रियाकलाप सञ्चालने विद्यार्थी नियमिततामा पारेको प्रभाव सम्बन्धी धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका १२ : अतिरिक्त क्रियाकलापमा विद्यार्थी नियमिततामा पारेको प्रभाव सम्बन्धी शिक्षकको धारणा

| क्र.सं. | शिक्षकको धारणा | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थी उत्साहित हुन्छन् | १ | १० |
| २ | पढाइप्रति जागरुक हुन्छन् | २ | २० |
| ३ | अनुशासित रहन्छन् | ३ | ३० |
| ४ | विद्यार्थीहरू नियमित हुन्छन् | ४ | ४० |
| | जम्मा | १० | १०० |

*स्रोत : स्थलगत अवलोकन, २०६८*

माथि उल्लेखित तालिका अनुसार अतिरिक्त क्रियाकलापले विद्यार्थी नियमिततामा प्रभाव पार्ने कुरालाई प्रष्ट पार्न सकिन्छ । सम्बन्धित विद्यालयका शिक्षकहरूको धारणाको आधारमा अतिरिक्त क्रियाकलापले विद्यार्थी नियमिततामा पारेको प्रभाव विश्लेषण गर्दा विद्यार्थी उत्साहित हुन्छन् । जसमा १० प्रतिशत, पढाइप्रति जागरुक हुन्छन् २० प्रतिशत, विद्यार्थीहरू अनुशासित रहन्छन्मा ३० प्रतिशत र विद्यार्थीहरू नियमितरुपमा विद्यालय आउने गर्दछन्मा ४० प्रतिशत शिक्षकहरूको धारणा रहेको पाइन्छ । जस अन्तर्गत अतिरिक्त क्रियाकलापको नियमितता प्रभाव पार्नेमा ५० प्रतिशत धारणा रहेकोले पनि विद्यार्थी नियमितताको मुख्य भूमिका अतिरिक्त क्रियाकलापले खेल्ने कुरालाई उल्लेख गरिएको छ । उक्त तालिकालाई वृत्त चित्रमा यसरी प्रष्ट पार्न सकिन्छ ।

चित्र ९ : शिक्षकको धारणा



### ४.२.६. अतिरिक्त क्रियाकलापप्रति अभिभावकको धारणा

अतिरिक्त क्रियाकलाप शैक्षिक क्रियाकलापको केन्द्र विन्दूमा रहेको शिक्षण जति प्रभावकारी र अर्थपूर्ण भयो त्यति नै विद्यार्थी नियमिततामा सकरात्मक प्रभावकारी सिकाइ उपलब्धि हुने गर्दछ । त्यसको लागि अतिरिक्त क्रियाकलाप उपयुक्त वातावरणमा हुन आवश्यक छ । विद्यालयले विद्यार्थीलाई विद्यालयप्रति उत्प्रेरित गराउन विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गराउनुपर्ने हुन्छ । विद्यालयप्रतिको विद्यार्थीहरूको मनोभावना उत्साहित हुने हुँदा उनीहरूमा विद्यालय जाने चहाना हुन्छ । जसको फलस्वरुप घरमा जे जस्तो वातावरणमा हुर्केको भएता पनि विद्यालयमा सामाजिकीकरणको भावना जागृत हुने गर्दछ । यसले गर्दा अभिभावकमा आफ्नो छोराछोरीप्रति आफू सन्तुष्ट भएको धारणा व्यक्त गरेको पाइन्छ । छोराछोरीहरूले अतिरिक्त क्रियाकलापमा पाएको सफलताले गर्दा विद्यालयप्रति पनि आकर्षित छन् र पढाइप्रति पनि बढी लगाब लगाएको आफूहरूले पाएको धारणा व्यक्त गरेको पाइयो । यसै सन्दर्भमा विद्यालयको अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको विद्यालयप्रतिको झुकावबारेमा अभिभावकको धारणा यसप्रकार उल्लेख गरिएको छ ।

तालिका १३ : अतिरिक्त क्रियाकलापप्रति अभिभावकको धारणा


| क.सं. | अभिभावकको धारणा | अभिभावकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नियमितरुपमा विद्यालय जान मन गर्छन् | १ | १० |
| २ | प्रतिपर्स्धी भावना जागृत हुन्छ | २ | २० |
| ३ | पढाइप्रति रुची जगाउँछन् | ३ | ३० |
| ४ | सामाजिकीकरणको भावनाको विकास हुन्छ | ४ | ४० |
| जम्मा | | १० | १०० |

*स्रोत : स्थलगत अवलोकन, २०६८*

माथि उल्लेखित तालिकाअनुसार विद्यालयको अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको कक्षा शिक्षण अथवा सर्वाङ्गीण पक्षको विकसामा प्रत्यक्ष प्रभाव पार्ने कुरालाई प्रष्ट पार्न सकिन्छ । सम्बन्धित विद्यालयहरूको अभिभावकको अतिरिक्त क्रियाकलापप्रतिको धारणाको आधारमा विद्यार्थी नियमिततामा पारेको प्रभावलाई विश्लेषण गर्दा नियमितरुपमा छोराछोरी विद्यालय जान रुचाउँछन्मा १० प्रतिशत, प्रतिस्पर्धाको भावना जागृत भएको पाइन्छमा २० प्रतिशत, पढाइप्रति

रुची जगाउँछनमा ३० प्रतिशत र सामाजिकीकरणको भावनाको विकास गर्दछमा ४० प्रतिशत अभिभावकहरूको धारणा रहेको पाइन्छ । जसलाई वृत्त चित्रमा पनि देखाइएको छ ।

चित्र १० : अभिभावकको धारणा




## ४.३. अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्याहरू र समाधानको उपायहरू

विद्यालयद्वारा सञ्चालन गरिने सम्पूर्ण शैक्षिक क्रियाकलापहरूको लागि अतिरिक्त क्रियाकलाप पनि महत्त्वपूर्ण कार्य हुन जान्छ । अतिरिक्त क्रियाकलापको प्रभावकारिताको आधारमा विद्यार्थीहरूमा नियमित रुपमा विद्यालय आउने बानीको विकास हुन्छ । विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप सैद्धान्तिक रुपबाट हेर्दा जति सजिलो छ । त्यसलाई व्यवस्थित गर्न त्यति नै गाह्रो छ । यसर्थ अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका विभिन्न प्रकारका समस्याहरूलाई साथै यस अध्ययन क्षेत्रमा संलग्न गराइएका विद्यालयहरूका प्र.अ., शिक्षक, अभिभावक र स्रोतव्यक्ति आदि बीच गरिएको सामुहिक छलफल र अन्तरक्रियाबाट प्राप्त धारणाको आधारमा उल्लेख गर्दै त्यसको समाधानको उपायहरूलाई पनि समावेश गरिएको छ ।

### ४.३.१. अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्याहरू

कुनै पनि कार्य गर्ने क्रममा विभिन्न प्रकारका समस्याहरू आउने गर्दछन् । समस्या विना कुनै पनि कार्य सफल हुन सक्दैन । शिक्षा क्षेत्रका हरेक प्रकारका गतिविधिहरू र क्रियाकलापहरू सञ्चालनको क्रममा पनि विभिन्न खाले बाधा अवरोध र समस्याहरू आइरहेका छन् । यस्ता

समस्याहरूले लक्षित कार्यक्रमहरूप्रति अवरोध उत्पन्न गराउने गर्दछ । यस शोध-अध्ययनमा विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीहरूको नियमिततामा पारेको प्रभावलाई लेखाजोखा गरिएको छ । विद्यार्थीहरूको नियमितता प्रभाव पार्ने महत्त्वपूर्ण शैक्षिक व्यवस्थापन अन्तर्गत अतिरिक्त क्रियाकलापमा पनि विभिन्न प्रकारका समस्याहरू रहेका छन् अतिरिक्त क्रियाकलापको व्यवस्थापन पक्षमा कुनै प्रकार समस्यान नहुने हुँदा सबे विद्यालयको शैक्षिक वातावरण र विद्यार्थी नियमितता समान प्रकारको हुने थियो । यस अध्ययन क्षेत्रमा सहभागी गराइएका विद्यालयहरूबीचको शैक्षिक वातावरण र विद्यार्थी नियमिततामा देखिएको भिन्नताहरूको आधारमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्याहरू पनि मुख्य हुन् भन्ने मानिन्छ । यस अध्ययन क्षेत्रका विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्याहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

१) विद्यालयमा आर्थिक स्रोतको अभाव हुनु ।

२) शिक्षकको भूमिका न्यून हुनु ।

३) विद्यालय प्रति अभिभावकहरूको चासो नहुनु ।

४) प्र.अ. एक्लैको भूमिका नगन्य हुनु ।

५) शैक्षिक कार्यक्रम सैद्धान्तिकरुपमा सीमित हुनु ।

६) अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिमको अभाव हुनु ।

७) अतिरिक्त क्रियाकलाप व्यवस्थापनको अभाव ।

८) अतिरिक्त क्रियाकलाप सम्बन्धी छुट्टै शिक्षक व्यवस्था गर्न नसक्नु ।

९) अतिरिक्त क्रियाकलापले सिकाइमा पार्ने प्रभाव सम्बन्धमा प्रकाश पार्न नसक्नु ।

१०) शिक्षकहरूमा बाल मनोविज्ञानको अभाव हुनु ।

११) अन्तर विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप प्रतिस्पर्धारुपमा सञ्चालन नहुनु ।

१२) अतिरिक्त क्रियाकलाप र विद्यार्थीहरूको नियमितताबीचको अन्तरसम्बन्ध बुझ्न र बुझाउन नसक्नु ।

### ४.३.२. अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्या समाधानका उपायहरू

ज्ञान भण्डारको रुपमा रहेको विद्यालय स्वच्छ सफा र सिर्जनशील वातावरणको हुनु आवश्यक छ। विद्यालयको शैक्षिक वातावरणले शिक्षा आर्जन गर्न आइपुगेका सबैखाले बालबालिकाहरूको मन जित्न सक्नुपर्दछ। विद्यार्थीहरूको भावनात्मक उत्तेजनालाई शैक्षिक संवेगको रुपमा प्रयोग गर्न सकेमा सिकाइ क्रियाकलापबाट आशातित लक्ष्य प्राप्त गर्न सकिन्छ। यसको लागि विद्यालयको शैक्षिक लक्ष्य प्राप्त गर्न सकिन्छ। यसको लागि विद्यालयको शैषिक वातावरणलाई प्राथमिकतामा राखिनुपर्छ। शैक्षिक वातावरण निर्माण गर्नको लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन पक्ष प्रमुख हुन आउँछ। अतिरिक्त क्रियाकलाप पनि त्यस्तो पक्ष हो, जसले विद्यार्थीहरूलाई स्व-स्फूर्तरुपमा सिकाइ क्रियाकलापमा आकर्षित र उत्तेजित पारेको हुन्छ। जुन विद्यालयमा अतिरिुक्त क्रियाकलाप सञ्चालन व्यवस्थित ढंगमा हुन सकेको छैन, त्यहाँका विद्यार्थीहरूको सिकाइप्रतिको धारणामा नकरात्मक असर परेको हुन्छ। त्यसले विद्यार्थीहरूको नियमिततामा र विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनलाईएक अर्काको पूरकको रुपमा हेरिनु पर्दछ।

विद्यार्थी नियमितता कारकतत्वको रुपमा रहेको अतिरिक्त क्रियाकलाप सैद्धान्तिकरुपमा सबैले बुझेको भए तापनि व्यवहारिक पक्षतर्फ कसैको चासो रहेको पाइँदैन। अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयका प्र.अ. तथा शिक्षकमध्ये कोही एक्लैले मात्र गरेर सम्भव हुँदैन। यसका लागि समग्र रुपमा सबैको सहयोग आवश्यक पर्दछ। यसर्थ अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने क्रममा देखिएका विभिन्न समस्याहरूको आधारमा त्यसको निराकरण गर्न सकेमा मात्र यो विभिन्न प्रा.वि., नि.मा.वि. तथा मा.वि. विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालन र अतिरिक्त क्रियाकलापमा देखिएको समस्याहरूको आधारमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक, शिक्षक, अभिभावकबीच गरिएको सामुहिक छलफलद्वारा प्राप्त निष्कर्षहरूको आधारमा समस्या समाधानका उपायहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

१) प्र.अ.को भूमिका सक्रिय र सिर्जनात्मक हुनुपर्ने।

२) विद्यालय नेतृत्वकर्तालाई अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने।

३) प्र.अ.मार्फत शिक्षक तथा अभिभावकहरूको भेला गराई आवश्यक सहयोगको आह्वान गर्नुपर्ने।

४) विद्यालयले अतिरिक्त क्रियाकलाप र विद्यार्थी नियमितताबीचको अन्तर सम्बन्ध अभिभावकहरूलाई प्रष्ट पार्नुपर्ने ।

५) विद्यालयको वार्षिक कार्यतालिकामा अतिरिक्त क्रियाकलाप व्यवस्थापनलाई बढी प्राथमिकता दिइ कार्यान्वयनतर्फ सबै जुट्नुपर्ने ।

६) विद्यार्थीहरूको सिकाइ क्रियाकलापप्रति समग्र विद्यालय परिवार समर्पित हुनुपर्ने ।

७) बालमनोविज्ञानले सिकाइमा पार्ने प्रभावबारे शिक्षकहरूलाई पुनःताजगी गराइनुपर्ने ।

८) विद्यालय अनुगमन प्रणालीलाई क्रियाशील गराइनुपर्ने ।

९) विद्यालय प्रशासनले अतिरिक्त क्रियाकलापका लागि आर्थिक स्रोत र सहयोग जुटाउनुपर्ने ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

झापा जिल्लाको पृथ्वीनगर स्रोत केन्द्रमा मात्र समावेश गरिएको यस शोध अध्ययन कार्य पूरा गर्ने क्रममा उपलब्ध सूचनाहरूको आधारमा शोधपत्रको उद्देश्य अनुरुप गरिएको व्याख्या विश्लेषणबाट आएको प्राप्ति, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१ प्राप्तिहरू

यस शोध-अध्ययन कार्यमा संलग्न गराइएका पृथ्वीनगर स्रोतकेन्द्र अन्तर्गतका प्रावि, निमावि र माविहरूमा सञ्चालित अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको नियमिततामा पारेको प्रभावलाई लेखाजोखा गर्ने क्रममा विविधतापूर्ण सूचनाहरू प्राप्त भएका छन् । यस अध्ययन क्षेत्रमा संलग्न विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय पक्षहरूको विवरणात्मक अध्ययन गर्दा सबै विद्यालयहरूमा एकरुपता रहेको पाइँदैन । तुलनात्मक रुपमा प्रावि निमावि र माविको अध्ययन गर्दा प्राविको तुलनामा निमाविमा बढी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको र अतिरिक्त क्रियाकलापका सामग्री पनि बढी नै रहेको पाइयो भने निमावि र माविको तुलना गर्दा माविमा बढी सामग्री भएको र विद्यार्थीहरू पनि बढी हुने गरेकाले बढी नै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । शैक्षिक वातावरण सन्तुलनको लागि आवश्यक ठानिएको अतिरिक्त क्रियाकलापको अवस्था अध्ययन गर्दा छनोटमा परेका विद्यालयहरूमा पनि पर्याप्त मात्रामा सामग्रीहरू नभएको, भौतिक व्यवस्थापन पनि कमजोर रहेको अतिरिक्त क्रियाकलापको व्यवस्थापकीय पक्ष पनि त्यति सुदृढ हुन नसकेको पाइन्छ ।

यसैगरी अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको नियमिततामा पारेको प्रभावलाई तुलनात्मक रुपमा अध्ययन गर्ने क्रममा प्रयोग गरिएको सुचाङ्कहरू अन्तर्गतका विद्यालयमा विद्यार्थी उपस्थिति, सामग्रीको अवस्था, शिक्षकको व्यवस्था र अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थीहरूको शिक्षणमा पारेको प्रभावलाई हेर्दा विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनको आधारमा भिन्नता रहेको पाइयो । प्रावि विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप सामग्रीहरू पनि कम र विद्यार्थी सङ्ख्या पनि कम रहेका र साना विद्यार्थीहरू हुने भएकाले क्रियाकलापहरू पनि कम हुने गरेको पाइन्छ ।

जसको कारण विद्यार्थीहरू विद्यालयमा नियमितता हुन नसकेको देखिन्छ । त्यस अनुरुप मावि र निमाविलाई हेर्दा अतिरिक्त क्रियाकलाप नियमित रुपमा गराउने गर्नाले र क्रियाकलापलाई चाहिने सामग्रीहरूको व्यवस्था, अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि चाहिने भौतिक व्यवस्थापन, प्रशासकीय व्यवस्थापन पनि व्यवस्थित र विद्यार्थीहरू कार्यक्रमप्रति सकारात्मक धारणा राख्ने कारण पनि विद्यार्थीहरूको नियमिततामा प्रभाव पारेको पाइयो ।

अन्त्यमा विद्यार्थीहरू नियमिततामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने महत्त्वपूर्ण पक्षको रुपमा रहेको अतिरिक्त क्रियाकलाप सञ्चालनमा पनि विभिन्न किसिमका समस्याहरू रहेको पाइयो । विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप सैद्धान्तिक रुपमा मात्र सीमित अथवा कागजमा मात्र भएर नहुनाले यसलाई सञ्चालनमा ल्याउन सबै पक्षको सहभागिता, आर्थिक सहयोग, सामग्रीको व्यवस्था, अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिम, छुट्टै शिक्षकको व्यवस्था जस्ता कुराहरू समस्याको रुपमा देखिएको छ भने यिनै पक्षहरूलाई सबल र सक्षम बनाई सैद्धान्तिक धारणालाई व्यावहारिक रुपमा रुपान्तरण गर्न सबै एकजुट भइयो भने विद्यार्थी नियमितामा प्रभावकारी परिवर्तन आउने देखिन्छ ।

## ५.२ निष्कर्ष

पृथ्वीनगर स्रोतकेन्द्रका विद्यालयहरूलाई मात्र समावेश गरिएको यस शोध अध्ययनमा ‘अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको नियमिततामा पारेको प्रभाव सम्बन्धी निष्कर्ष निकाल्न सफल भएको छ ।

विद्यालयको अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको शैक्षिक क्रियाकलाप र नियमिततामा सकारात्मक प्रभाव पारेको हुन्छ । यस अध्ययनको छनोटमा परेका विद्यालयहरूको अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था अनुरुप विद्यार्थीहरूको नियमिततामा पनि प्रभाव पारेको छ । यस क्षेत्रमा रहेका प्रावि, निमावि, माविहरूको अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थापन नियाल्दा प्रावि तहमा कमजोर देखिनुको साथसाथै ती विद्यालयका विद्यार्थीहरूको उपस्थिति, अतिरिक्त क्रियाकलाप सञ्चालन र सहभागिता, विद्यार्थी भर्ना सङ्ख्या कम रहेको छ । अतिरिक्त क्रियाकलाप सञ्चालनको

व्यवस्थापन पक्ष राम्रो भएकाले निमावि र माविहरूको विद्यालयमा विद्यार्थी भर्ना, विद्यार्थी उपस्थिति, अतिरिक्त क्रियाकलापमा सहभागी विद्यार्थी तथा विद्यार्थी नियमितताामा प्रत्यक्ष प्रभाव पारेको छ । तुलनात्मक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन अवस्थालाई हेर्दा जुन विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालनमा बृद्धि गरेको छ, त्यस विद्यालयमा विद्यार्थीहरू नियमितताामा लगायत सर्वाङ्गीण पक्षमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

यसर्थ अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको नियमितताामा प्रभाव पारेको निष्कर्ष निकालिएको छ । अतिरिक्त क्रियाकलाप सञ्चालनमा पनि विभिन्न प्रकारका समस्याहरू रहेको छ । जसको कारण अतिरिक्त क्रियाकलाप सम्बन्धी धारणा बोकेका विद्यालयहरूले पनि सकरात्मक रुपमा अगाडी बढ्न सकिरहेका छैनन् । यसका लागि सम्बन्धित सबै सरोकारवाला पक्षको ध्यान जान आवश्यक देखिएको छ ।

## ५.३ सुझाव

यस अध्ययन कार्य गर्ने क्रममा अध्ययन क्षेत्रमा विभिन्न प्रकारका समस्याहरू देखिएका छन् । विद्यार्थीहरूको नियमिततालाई प्रत्यक्ष प्रभाव पार्ने अतिरिक्त क्रियाकलापको व्यवस्थापन पक्षमा देखिएका समस्या समाधानतर्फ सम्बन्धित सबै पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यसको साथ साथै विद्यालयको अतिरिक्त क्रियाकलापको व्यवस्थापनका लागि सर्वप्रथम राष्ट्रिय तहबाट नै विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि बजेट विनयोजित गर्नुपर्ने देखिन्छ । शिक्षकहरूलाई अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । अतिरिक्त क्रियाकलाप सम्बन्धी निर्देशिका तयार हुनुपर्ने देखिन्छ । स्थानीय निकायले विद्यालय कार्यतालिकामा भनेको गरेको कामको अवलोकन गर्नुपर्ने देखिन्छ । विद्यालयमा भएका समस्याहरू स्थानीय निकायले नै माथिल्लो निकायमा लैजानुपर्ने देखिन्छ । सरकारले पनि नीति नियम बनाउनुपर्ने, नीतिनियम अनुसार काम भए नभएको अवलोकन गर्नुपर्ने, निर्देशिका तयार गर्नुपर्ने, अतिरिक्त क्रियाकलापलाई शैद्धान्तिक ज्ञानका लागि पाठ्यपुस्तकको व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यालयको अतिरिक्त क्रियाकलाप र विद्यार्थीहरूको नियमितताबीचको सम्बन्धलाई विद्यालयले नेतृत्वकर्ता समक्ष लैजानु पर्ने देखिन्छ ।

विद्यार्थीहरूको भविष्य निर्माण क्षेत्र विद्यालय नै हो भन्ने कुरालाई मनन गरी स्थानीयस्तर र विद्यालयहरूले जिम्मेवारीपूर्ण शैक्षिक गतिविधि सञ्चालन गर्दै अतिरिक्त क्रियाकलापको व्यवस्थापन पक्षमा जोड दिनुपर्ने देखिन्छ । प्रत्येक विद्यालयले आफ्नो अभिभावक तथा सरोकारवालाहरूलाई भेला गराई विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापनका लागि आवश्यक छलफल गरी उनीहरूको भूमिकालाई प्रस्ट्याउनु पर्ने देखिएको छ । अन्त्यमा, शिक्षासँग सम्बन्धित जो कोही शिक्षा प्रेमी र सरोकारवालाले विद्यार्थीहरूको सुनौलो भविष्य निर्माण थलो विद्यालयप्रति सकारात्मक, रचनात्मक र सिर्जनशील धारणाको विकास गरी व्यवहारमा उतार्न आफ्नो सहभागिता अनिवार्य हो भन्नुपर्ने देखिन्छ ।

# अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव
## अनुसूची - क

प्रधानाध्यापकको लागि अन्तरवार्ता प्रश्नावली - २०६८

विद्यालयको नाम :

प्रधानाध्यापकको नाम :

हस्ताक्षर :

मिति :

(क) शिक्षक पेशामा रहनु भएको कति वर्ष भयो ?

उत्तर ........................................................................................................

(ख) शुरुदेखि नै यस विद्यालयमा नै कार्यरत हुनुहुन्छ ?

उत्तर ........................................................................................................

(ग) विद्यालयमा प्र.अ.को जिम्मेवारी कहिलेदेखि लिनु भएको हो ?

उत्तर ........................................................................................................

(घ) तपाईंका विद्यालयमा राम्रा र सुधार्नुपर्ने पक्षहरू के-के हुन् ?

उत्तर ........................................................................................................

(ङ) विद्यालयमा अतिरिक्त क्रियाकलाप कसरी सञ्चालन भइरहेको छ ?

उत्तर ........................................................................................................

(च) विद्यालयको कार्यतालिका अनुसार क्रियाकलाप गर्ने निर्देशन दिनु भएको छ या छैन ?

उत्तर ........................................................................................................

(छ) अतिरिक्त क्रियाकलापको व्यवस्थापन पक्ष कसरी गर्नु भएको छ ?

उत्तर ........................................................................................................

(ज) बालमनोविज्ञानमा आधारित अतिरिक्त क्रियाकलापहरू सञ्चालन गराउनु भएको छ ?

उत्तर ........................................................................................................

(झ) तपाईंले अतिरिक्त क्रियाकलाप सम्बन्धी कुनै तालिम लिनु भएको छ ?

उत्तर ........................................................................................................

(ञ) अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीहरूको नियमिततामा पारेको प्रभावलाई कसरी बुझ्नु भएको छ ?

उत्तर ..........................................................................................................

(ट) अतिरिक्त क्रियाकलाप व्यवस्थापनका लागि आर्थिक सहयोग तथा स्रोत कसरी संकलन गर्नुहुन्छ ?

उत्तर ..........................................................................................................

(ठ) तपाईंले अतिरिक्त क्रियाकलाप र विद्यार्थी नियमितताबीचको सम्बन्धलाई शिक्षक तथा अभिभावकसँग कुनै आवश्यक छलफल गर्नु भएको छ ?

उत्तर ..........................................................................................................

(ड) तपाईंको विद्यालयको भौतिक व्यवस्थापनको आवस्था कस्तो छ ?

(क) राम्रो (ख) नराम्रो (ग) सामान्य

(ढ) अतिरिक्त क्रियाकलाप व्यवस्थापन सम्बन्धी के कस्ता समस्याहरू रहेका छन् ?

उत्तर ..........................................................................................................

(ण) अतिरिक्त क्रियाकलाप व्यवस्थापनका समस्या समाधानका उपायहरू के-के हुनसक्छ ?

उत्तर ..........................................................................................................

(त) अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

उत्तर ..........................................................................................................

(थ) अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीहरूको नियमितता सम्बन्धी के भन्न चहानुहुन्छ ?

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव
## अनुसूची - ख

शिक्षकहरूका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली - २०६८

विद्यालयको नाम :

शिक्षकहरूको नाम :

हस्ताक्षर :

मिति :

(क) यस विद्यालयमा कति वर्षदेखि कार्यरत हुनुहुन्छ ?

उत्तर ........................................................................................................................

(ख) कुन विषय शिक्षण गर्नुहुन्छ ?

उत्तर ........................................................................................................................

(ग) तपाईंको विषयमा विद्यार्थी उपस्थितिको अवस्था कस्तो छ ?

उत्तर ........................................................................................................................

(घ) शिक्षण सिकाइ क्रियाकलापलाई के कस्तो कुराहरूले प्रभाव पार्दछ ?

उत्तर ........................................................................................................................

(ङ) विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कस्तो व्यवस्था छ ?

उत्तर ........................................................................................................................

(च) तपाईंले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा विद्यालयको वार्षिक कार्यतालिकालाई अनुसरण गर्नु भएको छ ?

(क) छ (ख) छैन

(छ) अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी विद्यार्थीको धारणा कस्तो छ ?

(क) सकरात्मक (ख) नकारात्मक

(ज) अतिरिक्त क्रियाकलाप सञ्चालनमा विद्यार्थीहरूको सहभागिता कस्तो रहन्छ ?

उत्तर ........................................................................................................................

(झ) अतिरिक्त क्रियाकलाप सञ्चालन हुने दिन विद्यार्थी अनुपस्थिति हुनाका कारण ?

उत्तर ...............................................................................................................................

(ञ) तपाईंले अतिरिक्त क्रियाकलाप सम्बन्धी कुनै किसिमको तालिम लिनु भएको छ ?

उत्तर ...............................................................................................................................

(ट) अतिरिक्त क्रियाकलाप सम्बन्धी आवश्यक सामग्रीको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) नराम्रो (ग) सामान्य

(ठ) अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रधानाध्यापकले छलफल गर्नु भएको छ ?

उत्तर ...............................................................................................................................

(ड) विद्यालयमा अतिरिक्त क्रियाकलाप व्यवस्थापनले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

उत्तर ...............................................................................................................................

(ढ) अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीको नियमिततामा कस्तो सम्बन्ध छ ?

उत्तर ...............................................................................................................................

## अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव
## अनुसूची - ग

छात्र/छात्राहरूका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली - २०६८

विद्यालयको नाम :

छात्र/छात्राको नाम :

हस्ताक्षर :

मिति :

(क) तिमी कति कक्षामा पढ्छौं ?

उत्तर ..........................................................................................................

(ख) विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था कस्तो छ ?

उत्तर ..........................................................................................................

(ग) अतिरिक्त क्रियाकलाप भनेको के हो ?

उत्तर ..........................................................................................................

(घ) अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था कस्तो छ ?

(क) दैनिक (ख) मासिक (ग) त्रैमासिक (घ) अन्य

(ङ) अतिरिक्त क्रियाकलाप सम्बन्धी छुट्टै शिक्षकको व्यवस्था छ ?

(क) छ (ख) छैन

(च) अतिरिक्त क्रियाकलाप कार्यतालिका अनुसार सञ्चालन गर्ने गरेको छ ?

(क) छ (ख) छैन

(छ) विषयसँग सम्बन्धित अतिरिक्त क्रियाकलापलाई विषय शिक्षकले कतिको ध्यान दिनुहुन्छ ?

उत्तर ..........................................................................................................

(ज) अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि भौतिक व्यवस्थापन कस्तो छ ?

उत्तर ..........................................................................................................

(झ) अतिरिक्त क्रियाकलापमा प्रतिस्पर्धी विद्यार्थीहरूलाई पुरस्कारको व्यवस्था छ ?

उत्तर ..........................................................................................................

(ञ) अतिरिक्त क्रियाकलाप सञ्चालनले सिकाइ क्रियाकलापमा मद्दत पुर्‍याएको छ ?

उत्तर ..........................................................................................................

(ट) अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्थामा प्रशासनले विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउने गरेको छ ?

उत्तर ..........................................................................................................

(ठ) अतिरिक्त क्रियाकलाप सञ्चालनमा सम्पूर्ण विद्यार्थीहरू सहभागी हुन्छ ?

उत्तर ..........................................................................................................

(ड) विद्यार्थी आफैँले नेतृत्व गरी कार्यक्रम सञ्चालन गरेको छ ?

उत्तर ..........................................................................................................

(ढ) कतिको विद्यालय आउन मन लाग्छ ?

उत्तर ..........................................................................................................

(ण) विद्यार्थीको विद्यालयमा बढी अनुपस्थिति हुनाको कारण थाहा छ ?

उत्तर ..........................................................................................................

अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव

अनुसुची घ

लक्षित समुह छलफल निर्देशिका-२०६८

क) अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था

ख) अतिरिक्त क्रियाकलापको लागि चाहिने आवश्यक पुर्वाधारहरू

ग) विद्यार्थीले अतिरिक्त क्रियाकलापप्रति राख्ने धारणा

घ) अतिरिक्त क्रियाकलापले विद्यार्थीको नियमिततामा पारेको प्रभाव

ङ) अतिरिक्त क्रियाकलापको योजना

च) अतिरिक्त क्रियाकलाप सामग्रीको अवस्था

# सन्दर्भ ग्रन्थ


अधिकारी, विष्णुप्रसाद (२०६७), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौंः प्रशान्ति पब्लिकेशन ।

काफ्ले, वासुदेव र ढकाल, हेमराज (२०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

कार्की, भक्तप्रसाद, (२०६५), *विद्यालयमा खेलकुदको अवस्था र चुनौती सम्बन्धी एक अध्ययन,* काठमाण्डौ : शिक्षा क्याम्पस, ताहाचल ।

कानुन किताव व्यवस्था समिति (२०६०), *शिक्षा नियमावली* २०५९, काठमाडौं : लेखक ।

खरेल, खड्गप्रसाद (२०६६), *प्राथमिक विद्यालयमा सञ्चालित खेलकुद कार्यक्रमको अवस्था सम्बन्धी अध्ययन,* काठमाडौं : शिक्षा शास्त्र संकाय, शैक्षिक योजना विभाग, केन्द्रीय क्याम्पस (अप्रकाशित शोधपत्र) ।

ज.व.रा, स्वयम्प्रकाश र श्रेष्ठ, चन्द्रप्रकाश (२०६५), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

नेपाल सरकार (२०६४), *माध्यमिक शिक्षा सहयोग मूल दस्तावेज,* काठमाडौं : लेखक ।

पाठ्यक्रम विकाश केन्द्र (२०६०), *अतिरिक्त क्रियाकलाप निर्देशिका - २०६०,* भक्तपुर : लेखक ।

पौडेल, महेश्वर (२०६२), *नेपालमा विद्यालय शिक्षा : प्रयोग, समस्या र सुझाव,* काठमाण्डौ : सोपान प्रकाशन ।

विष्ट, उद्धव (२०६८), *विद्यालय सञ्चालन : अवको चिन्तन,* खोटाङ : चुम्लुङ सम्झना समाज ।

भोमि, अरबिन्दलाल र मल्ल, कोमलबदन (२०५६), *प्रारम्भिक बाल्यावस्था विकाशको सिद्धान्त,* किर्तीपुर : त्रिभुवन विश्व विद्यालय ।

महर्जन, प्रकाश (२०४२), *विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी अध्ययन,* काठमाडौं : शिक्षा शास्त्र संकाय, केन्द्रीय क्याम्पस (अप्रकाशित शोधपत्र)

राष्ट्रिय योजना आयोग (२०३८), *पाचौ पञ्च वर्षीय योजना-२०३८,* काठमाडौं : लेखक ।

राष्ट्रिय योजना आयोग (२०६४), *तीन वर्षीय अन्तरिम योजना (२०६४-२०६७),* काठमाडौं : लेखक

वाग्ले, मनप्रसाद (२०६०), *शिक्षाको परिचय,* काठमाण्डौ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

शर्मा, चिरञ्जिवी (२०६१), *शिक्षाका आधारहरू,* काठमाडौं : एम्.के. पब्लिसर्स एण्ड डिष्टिब्यूटर्स ।

शर्मा, गोपीकृष्ण (२०५८), *नेपालमा शिक्षाको इतिहास,* काठमाडौं : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरिन्जीवी र शर्मा, निर्मला (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : एम्.के. पब्लिसर्स एण्ड डिष्टिब्यूटर्स ।

शर्मा, गोपीनाथ (२०५६), *नेपालमा शैक्षिक प्रशासन विकाश,* काठमाडौं : लुम्बिनी पुस्तक भण्डार ।

सेरिड (२०६१), *फर्मेटिभ अनुसन्धान परियोजना प्रतिवेदनहरूको सार संक्षेप-३,* काठमाण्डौ : लेखक।